# राजस्व सुधार कार्ययोजना
# २०७९/८०–२०८१/८२

आमाछोदिङमो गाउँपालिका




# आमाछोदिङमो गाउँपालिका
# रसुवा जिल्ला
# २०७९

## प्रतिवेदन तयारी

| | |
|---|---|
| **शीर्षक:-** | आमाछोदिङमो गाउँपालिका, रसुवा जिल्लाको राजस्व सुधार कार्ययोजना |
| **सहयोग:-** | श्री प्रदेश सुशासन केन्द्र, बागमती प्रदेश, नेपाल |
| **तयार गर्ने:-** | **क्युव-पाथवे-भूगोल जे.भी. विशालनगर, काठमाण्डौ** |
| **मिति:-** | असार, २०७९ |

# कृतज्ञता ज्ञापन

आमाछोदिङमो गाउँपालिका, रसुवा जिल्लाको राजस्व सुधार कार्ययोजना तयार गर्न क्युव-पाथवे-भुगोल जे.भी., विशालनगर, काठमाडौँलाई जिम्मेवारी दिनुहुने बागमती प्रदेश प्रशिक्षण प्रतिष्ठान, कार्ययोजना तयार गर्नका लागि सहयोग पुऱ्याउनु हुने आमाछोदिङमो गाउँपालिका, रसुवा जिल्लाको अध्यक्ष बचुङ तामाङ, अपाध्यक्ष चण्डिका तामाङ, आमाछोदिङमो गाउँपालिकाका कार्यपालिका सदस्य तथा निर्वाचित जनप्रतिनिधिहरू, कर्मचारीहरू तथा गाउँपालिका परिवार प्रति परामर्शदाताका तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौँ ।

**क्युव-पाथवे-भूगोल जे.भी., विशालनगर, काठमाडौँ**

# विषय सूची


**परिच्छेद एकः परिचय** १

१.१ पृष्ठभूमि १

१.२ राजस्व सुधार कार्ययोजनाको औचित्य २

१.३ राजस्व सुधार कार्ययोजनाले राखेका उद्देश्यहरू ३

१.४ कार्ययोजना तर्जुमा विधि र प्रक्रिया ४

१.५ कार्ययोजनाका सीमाहरू ७

**परिच्छेद दुईः गाउँपालिकाको सक्षिप्त परिचय** ८

२.१ गाउँपालिको गठन तथा नामांकरण ८

२.२ प्रशासनिक विभाजन ८

२.३ भौगोलिक तथा प्राकृतिक अवस्था ८

२.४ वडागत रूपमा घरधुरी तथा जनसङ्ख्या ९

२.५ आर्थिक अवस्था १०

२.६ गाउँपालिकाको मानवीय संशाधन १२

२.७ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था १३

**परिच्छेद तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता** १४

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था १४

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था १९

३.३ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण २१

  ३.३.१ कर राजस्व २१

  ३.३.२ गैरकर राजस्व २७

**परिच्छेद चारः आय सङ्कलनको संस्थागत क्षमता तथा अवस्था** ३६

४.१ राजस्व परिचालनसम्बन्धी नीति ३६

  ४.१.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण ३६

४.२ आय सङ्कलनको संस्थागत क्षमता ३८

  ४.२.१ स्थानीय राजस्व परामर्श समिति ३८

  ४.२.२ राजस्व शाखा तथा राजस्व प्रशासन ३९

४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन ३९

४.४ विगतको राजस्व सङ्कलनको अवस्था ४१

४.५ राजस्व परिचालनमा रहेका सबालहरू ४२

**परिच्छेद पाँचः राजस्व सुधार कार्ययोजना** ४४

५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना ४४

**परिच्छेद छः आगामी तीन वर्षको आय प्रक्षेपण** ४८

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ४८

६.२ गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण ५१

**परिच्छेद सातः अपेक्षित आय** ५८

७.१ निष्कर्ष तथा सुझाव ५८

**परिच्छेद आठः अनुगमन तथा मूल्याङ्कन** ५९

**अनुसूचीहरू** ६१
**अनुसूची १: सन्दर्भ सामग्रीहरूको सूची** ६२
**अनुसूची २: अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र** ६५
**अनुसूची ३: कार्यक्रममा सहभागीहरुको सूची तथा कार्य सम्पन्न पत्र** ६६
**अनुसूची ४: कार्यक्रमको फोटोहरु** ७०
**अनुसूची ५: संकलित तथाङ्कको नमूना** ७१

## तालिका सूची

तालिका १: वडा अनुसार जनसङ्ख्या विवरण ९
तालिका २: गाउँपालिकामा कार्यरत कर्मचारी विवरण १३
तालिका ३: गाउँपालिकाको भौतिक सम्पत्तिको विवरण १३
तालिका ४: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था १९
तालिका ५: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर २२
तालिका ६: व्यवसाय सम्बन्धी विवरण २५
तालिका ७: राजस्व परिचालनको संस्थागत तथा नीतिगत विश्लेषण ३६
तालिका ८: राजस्व परामर्श समिति ३९
तालिका ९: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था ३९
तालिका १०: विगत ३ वर्षको आय विवरण ४१
तालिका ११: कर राजस्व सुधार कार्ययोजना ४४
तालिका १२: गैरकर राजस्व सुधार कार्ययोजना ४६
तालिका १३: गैरकर राजस्व सुधार योजना ४७
तालिका १४: आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपण ४८
तालिका १५: गाउँपालिकाको आगामी ३ आर्थिक वर्षको आन्तरिक राजस्वको प्रक्षेपण ५२
तालिका १६: गाउँपालिकाको अपेक्षित आय संक्षेपमा ५८
तालिका १७: अनुगमन कार्यान्वयन तालिका ६०

## चित्र सूची

चित्र १: आमाछोदिङमो गाउँपालिकाको अवस्थिती ९
चित्र २: राजस्व अधिकारहरू १४
चित्र ३: तहगत राजस्व अधिकार १५
चित्र ४: राजस्व तथा करका विभिन्न शीर्षकहरू २१
चित्र ५: अनुगमन मूल्याङ्कन चक्र ५९

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

सुशासन र विकासका लागि वर्तमान राजनैतिक अठोट र इच्छाशक्ति एवम् प्रदेश र स्थानीय तहको क्रियाशीलता र सामर्थ्यका माध्यमबाट सम्पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्ने भएको छ । यस अवसरलाई मुलुकको सुशासन, विकास र समृद्धिका लागि उपयोग गर्न शासकीय अवयवहरूको कुशलतापूर्वक परिचालनबाट समृद्धिको आधार तयार हुनेछ । देशको भू-बनोट विविधतायुक्त प्रकृति, समाजको उत्पत्ति र बनोट, सभ्यता र विविधतायुक्त संस्कृति, भाषा, प्राकृतिक स्रोत साधनको अत्युत्तम परिचालन, उदयीमान दुई छिमेकी अर्थतन्त्र, देशभित्रको क्रियाशील जनशक्ति, अन्तर्राष्ट्रिय क्षेत्रमा सुरू भएको असल सम्बन्धको विकास र कायम रहेको समष्टिगत आर्थिक स्थायित्व नै आर्थिक समृद्धिको आधारका रूपमा रहेका छन् ।

नेपालको संविधानले नेपालमा तीन तहका सरकारको व्यवस्था गरेको छ । यस अनुरूप ७५३ स्थानीय तह (गाउँपालिका, महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाहरू) को निर्वाचन सम्पन्न भई संविधानले व्यवस्था गरे बमोजिम अनुसूची ८ अनुसार निसृत गरिएका काम कर्तव्य र जिम्मेवारीहरू निर्वाह गर्दै आइरहेका छन् । नेपालको संविधानले यी तीन तहका सरकारका बिच, समन्वय, सहकार्य र सहअस्तित्वको सम्बन्धद्वारा सहकारी मोडेलको सङ्घीयता कार्यन्वयनमा रहेको छ । नेपालका लागि सङ्घीयता नौलो अभ्यास हो । यसको सफल कार्यावन्यनका लागि सबै तहमा यसको अवधारणा, कार्यान्यवन र भूमिका बारे थप स्पष्टता आवश्यक छ । यसका लागि जन निर्वाचित पदाधिकारीहरू र राष्ट्रसेवक कर्मचारीहरूलाई संविधानले प्रदत्त गरेका काम कर्तव्य र अधिकारहरू कुशलतासाथ सम्पादन गरी नागरिकहरूलाई छिटो छरितो गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्न सहयोग पुऱ्याउनु पहिलो र महत्त्वपूर्ण कार्य हो भने भरखरै स्थापना भएका स्थानीय तहको संस्थागत अवस्था स्व-मुल्याङ्कन गरी सुधारका क्षेत्रहरूको पहिचान गरी तदनुरूप आवश्यकता र मागमा आधारित क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्दै लैजानु आवश्यक छ । यसका साथै, स्थानीय तहलाई संविधान र ऐनले दिएको अधिकार प्रयोग गरी वित्तीय रूपमा सबल र सक्षम बनाउन राजस्व परिचालनसम्बन्धी ज्ञान, सिप र क्षमता अभिबृद्धि गर्दै सार्वजनिक विकास निर्माण र सेवा प्रवाहमा सक्षम बनाउन आवश्यक छ ।

नेपालमा सङ्घीयता घोषणा भएपछि १ केन्द्रीय, ७ प्रदेश र ७५३ स्थानीय तह सहितको शासकिय स्वरूपको निर्माण भएपछि स्थानीय तहमा पाँच वर्षको लागि नेतृत्व चयन भइ एक कार्यकाल पूरा गरिसकेको अवस्थाको विधमानता रहेको छ । हालै मात्र स्थानीय तहको दोश्रो कार्यकालको लागि नेतृत्व चयन भएको समय र विगतको पाँच वर्षको अनुभवलाई समेत आधार मानी राजस्वको सुधार तथा आन्तरिक आयमा समेत बढोत्तरी गराउने योजना नयाँ बनेको स्थानीय तहको कार्यकालको शुरू अवस्थामा नै तयार हुँदा आगामी पाँच वर्षका लागि समेत राजस्व बारेमा स्प्रष्ट दृष्टिकोण र अवधारणाको कार्यान्वयन पक्षले मुर्तता पाउने हुन्छ ।

राजस्व अधिकारको प्रयोगको तहगत अधिकारको बाँडफाँड गर्दै नेपालको संविधान र प्रचलित कानुनले भन्सार महसुल, अन्तःशुल्क, मुल्य अभिबृद्धि कर, संस्थागत व्यक्तिगत आय कर, राहदानी शुल्क, पारिश्रमिक कर, भिसा शुल्क, पर्यटन दस्तुर लगाउने अधिकार सङ्घीय सरकारलाई दिएको छ । यसैगरी कृषि आयमा लाग्ने कर प्रदेश सरकारलाई दिएको छ । स्थानीय तहलाई सम्पत्ति कर, घर जग्गा बहाल कर, व्यवसाय कर, मालपोत/भूमिकर लगाउने अधिकार दिएको छ । पर्यटन शुल्क, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तीनओटै तहको साझा

अधिकारका रूपमा दिएको छ ।  घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर प्रदेश र स्थानीय तहको साझा अधिकारका रूपमा रहेका छन् ।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहका सरकारका बिचमा समन्वय र सहकार्यका आधारमा अघि बढ्ने गरी स्थानीय तहलाई २२ ओटा एकल अधिकार प्रदान गरेको छ । यी अधिकारका अलावा सङ्घ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्य गरी साझा अधिकारको परिपालना गर्नुपर्ने व्यवस्था पनि गरिएको छ । सम्पत्ति कर, घर जग्गा बहाल कर, व्यवसाय कर, भूमिकर (मालपोत) लगाउने अधिकार स्थानीय तहलाई मात्र दिइएको छ । सबै तहले अधिकारको प्रयोग गर्दा कानुन बनाएर गर्नुपर्ने व्यवस्था छ । राजस्वका लागि कुनै पनि तहमा लिखित रूपमा उल्लेख नगरिएका विषयमा कर लगाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे अनुसार हुने व्यवस्था छ ।

यिनै एकल तथा साझा अधिकारको प्रयोग गरी गाउँपालिकाले बजेट सहितको वार्षिक तथा आवधिक योजना बनाउनु पर्ने छ । स्थानीय तहहरूको आय स्रोत सङ्घीय सरकारसँग प्राप्त हुने अनुदानमा मात्र सिमित हुँदा जनआकाक्षा पुरा हुन सक्दैन । गाउँपालिका सरकारको बजेटमा मात्र आश्रित नरही संविधानले दिएको अधिकार प्रयोग गरी राजस्वका क्षेत्रहरूको पहिचान गर्ने, विद्यमान करका दायरा तथा दरहरू परिमार्जन गर्नुपर्ने हुन्छ ।

नेपाल सङ्घीय गणतन्त्रामक संरचनामा प्रवेश गरेपछि स्थानीय तह जनताको सबैभन्दा नजिकको सरकारका रूपमा स्थापित भएको छ । निर्वाचित जनप्रतिनिधिहरूलाई जनताका आवश्यकता र चाहना पुरा गर्नुपर्ने दायित्व रहेको छ । उक्त चहाना पूरा गर्नको लागि स्थानीय तहले खर्च जुटाउनु पर्दछ । यसरी खर्च जुटाउनको गाउँपालिकाको लागि सम्भावित आन्तरिक आय, अनुदान र ऋण गरी तीन माध्यम रहेको देखिन्छ ।

प्राकृतिक स्रोत तथा वित्तीय आयोगको सिफारिसमा स्थानीय तहलाई सङ्घीय तथा प्रदेश सरकारबाट अनुदान दिँदा स्थानीय तहको खर्च गर्न सक्ने क्षमता तथा आन्तरिक आयको बृद्धि गर्ने क्षमताका आधारमा वित्तीय समानीकरण, ससर्त, समपूरक र विशेष अनुदान दिने व्यवस्था गरिएको छ । यस अवस्थामा गाउँपालिकाहरूले आफूमा भएको अधिकार प्रयोग गरी जनताको कर तिर्न सक्ने क्षमतालाई मध्यनजर गर्दै आन्तरिक आयका स्रोत पहिचान तथा परिचालन गरी आन्तरिक आयमा बृद्धि गर्नुपर्ने हुन आउँछ ।

यसै पृष्ठभूमिका आधारमा आमाछोदिङमो गाउँपालिकाको वित्तीय स्थिति सबल बनाउन राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan/RIAP) तयार पार्न लागिएको हो । यस योजनाले गाउँपालिकाको आन्तरिक आयमा बृद्धि गरी वित्तीय क्षमताको विकास गर्ने एवम् यसलाई सबल बनाउने र राजस्वको सम्भाव्य स्रोतको पूर्ण क्षमतामा उपयोग गर्ने लक्ष्य राखेको छ ।

## १.२ राजस्व सुधार कार्ययोजनाको औचित्य

संवैधानिक तथा अन्य विभिन्न कानुनी अधिकारभित्र रही स्थानीय तह सञ्चालन ऐनले आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भए तापनि स्थानीय तहका सरकारहरूले ती अधिकारलाई ऐनको प्रावधान अनुसार आमाछोदिङमो गाउँपालिकाले व्यवस्थित राजस्व सुधार कार्ययोजना तर्जुमा नगरिसकेको हुँदा व्यवस्थित परिचालन गर्न सकिरहेको स्थिति छैन । यसको मुख्य कारणमा स्थानीय तहको संरचना नयाँ भएकाले त्यसका लागि आवश्यक नीति तथा

कार्यविधि, सङ्गठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्कको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

स्थानीय तहलाई संविधानले दिएको अधिकार प्रयोग गरी अनुसूची ८ मा रहेका २२ वटा प्रमुख कार्यक्षेत्र भित्रका जिम्मेवारीहरू पुरा गर्नुपर्ने अवस्था छ । यस प्रयोजनका लागि स्थानीय तहलाई सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय अनुदानका अतिरिक्त स्थानीय तहलाई आफ्नै राजस्वका आधारहरू तयार गर्ने अधिकार निहित रहेको छ ।

स्थानीय तह सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ (घ) र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ४ अनुसार स्थानीय तहलाई आफ्नो क्षेत्रमा कर र गैरकर सङ्कलन गर्न सक्ने अधिकार रहेको छ तर कर प्रणाली र अधिकार क्षेत्रबारे कम जानकारी, स-साना व्यवसायहरूमा कर लागु गर्दा हन सक्ने सम्भावित अलोकप्रियता, स्थानीय तहलाई प्राप्त हुन आएको अनुदान नै खर्च हुन नसकिरहेको अवस्थामा कर लगाउनु पर्ने आवश्यकता महसुस नहुनु, जस्ता कारणहरूले गर्दा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रहेर स्थानीय तहले अपेक्षित रूपमा राजस्व सङ्कलन गर्न सकिरहेको अवस्था छैन । यसरी स्थानीय तहहरूले वित्तीय सङ्घीयताको पूर्ण अभ्यास गर्न नसकेका कारण सार्वजनिक क्षेत्रको बजेट खर्च गर्न पर्याप्त राजस्व जुटाउन नसकिरहेको अवस्था छ ।

कानुनले अख्तियारी दिएका क्षेत्रमा आन्तरिक राजस्वको सम्भावना पहिचान गरी राजस्वको क्षमता विस्तार गर्दै जानु अपरिहार्य हुन आँउछ । स्थानीय तहले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरूप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठुलो लगानी आवश्यक देखिन्छ। यसर्थ, स्थानीय तहहरूलाई आफ्नो अधिकार क्षेत्रभित्र रहेर वैज्ञानिक कर प्रणाली लागु गरी कार्यान्वयन गराई आफ्नै राजस्व आधार तयार गर्न सहयोग पुऱ्याउनु नै प्रस्तुत कार्यक्रमको उद्देश्य रहेको छ ।

यस कार्ययोजनाका माध्यमबाट गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवाला पक्षहरूले राजस्व परिचालनका क्षेत्रमा आधारभूत अभिमुखीकरण प्राप्त गर्नुका साथै गाउँपालिकाको आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरू पहिचान गरिएको छ र मुख्य उपलब्धिका रूपमा राजस्व कार्ययोजना तयारी हुनुका साथै आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज तयार भएको छ । राजस्व प्रक्रियामा सुधारका लागि गाउँपालिकाको नेतृत्वमा सहभागितामूलक पद्धति अवलम्बन गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ ।

## १.३ राजस्व सुधार कार्ययोजनाले राखेका उद्देश्यहरू

यस योजनाको समग्र उद्देश्य आमाछोदिङमो गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था तथा आन्तरिक स्रोत तथा सम्भावनाहरूको विश्लेषण गरी प्रक्षेपण सहितको तीन वर्षे राजस्व सुधार कार्ययोजना तयार गर्नु हो । यसका उद्देश्य प्राप्त गर्नका लागि देहाय अनुसारका विशिष्ट उद्देश्य निर्धारण गरिएको थियो ।

- कर, गैर कर तथा प्रचलित कर प्रणालीबारे स्थानीय तहको बुझाइमा स्पष्टता ल्याउने,
- स्थानीय तहलाई संविधानप्रदत्त अधिकार, कामको जिम्मेवारी, राजस्व अधिकार, अन्तरसरकारी वित्तीय हस्तान्तरण, सार्वजनिक खर्चका लागि ऋण लिने अधिकार जस्ता अवधारणा र व्यवस्थाबारे अनुशिक्षण प्रदान गर्ने,
- सङ्घ, प्रदेश स्थानीय तहका एकल र राजस्व अधिकारका साझा अधिकार क्षेत्रबारे स्पष्टता ल्याउने,

- राजस्व तथा करका दायराहरू खोजी तथा पहिचान गर्न सहयोग पुऱ्याउने तथा राजस्व प्रक्षेपणका वैज्ञानिक विधिहरू, कर निर्धारण प्रक्रिया, राजस्व निर्धारणका आधारहरूबारे स्थलगत रूपमा अभ्यास गराई वैज्ञानिक कर प्रणाली लागु गर्न सक्षम बनाउने, Coaching and Mentoring विधिको अवलम्बन गर्दै स्थानीय तहका विशेष गरी राजस्व परामर्श समितिका पदाधिकारीहरूलाई राजस्व प्रक्षेपणका विधिहरूबारे व्यवहारिक रूपमा राजस्वको अवस्था र सम्भाव्यता विश्लेषण गर्न सहयोग पुऱ्याउने,
- स्थानीय तहको कम्तीमा ३ वर्षको राजस्व सुधार कार्ययोजना निर्माण गर्ने,
- आर्थिक विनियोजन विधेयक निर्माण गर्न सहयोग गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय बृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार रणनीति सहितको आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्दै गाउँपालिकाको राजस्व प्रक्षेपण, बजेट अनुमान तथा सूचना प्रणालीमा सहयोग गर्ने ।

## १.४ कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

यस राजस्व सुधार कार्ययोजना तयार गर्दा गाउँपालिकाको भौगोलिक, आर्थिक तथा प्रशासनिक अवस्थाको अध्ययन सँगै गाउँपालिकाद्वारा प्रकाशन गरिएका विभिन्न प्रतिवेदनहरूका साथसाथै राजस्वसँग सम्बन्धित विविध सामग्रीहरूको अध्ययन, राजस्वसँग सम्बन्धित तथ्याङ्क तथा सूचना सङ्कलनका लागि आवश्यक फारामहरूको निर्माण, तथ्याङ्क सङ्कलन तथा विश्लेषण, कार्ययोजना तर्जुमाका लागि सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । प्रस्तुत राजस्व सुधार कार्ययोजना निर्माण गर्ने क्रममा अबलम्वन गरिएका विधिहरूलाई निम्नअनुसार प्रस्तुत गरिएको छः

### पहिलो चरणः सन्दर्भ सामाग्री सङ्कलन तथा समीक्षा

राजस्व सुधार कार्ययोजनासँग सान्दर्भिक विभिन्न सामग्रीहरूको सङ्कलन तथा अध्ययन गरियो । यस अध्ययन कार्यको लागि पहिलो चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरू मार्फत सन्दर्भ सामाग्रीहरू सङ्कलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । जस मध्ये नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित), सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, आपूर्ति नीति २०६९, औद्योगिक व्यवसाय ऐन २०७३ (संशोधन २०७६), कम्पनी ऐन, २०६३ (संशोधन २०७५), उपभोक्ता हित संरक्षण ऐन, २०७५, सहकारी ऐन २०७५ आदि रहेका छन् । यसैगरी प्रदेश सरकार अन्तर्गतका सम्बन्धित सन्दर्भ सामग्रीहरूमा बागमती प्रदेश आर्थिक ऐन, औद्योगिक व्यवसाय ऐन, २०७५ आदि रहेका छन् । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य-मुख्य सामग्रीहरू अनुसूची १ मा दिइएको छ ।

### दोस्रो चरणः अभिमुखीकरण तथा राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला

स्थानीय तहमा कार्य प्रारम्भ गर्नुभन्दा पहिले राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि क्युव-पाथवे-भूगोल जेभीबाट खटिएका विज्ञ टोलीले स्थानीय तहका प्रमुख तथा उप-प्रमुख, स्थानीय तहको राजस्व परिचालन सम्बन्धी काम गर्ने कर्मचारीहरू र राजस्व परामर्श समितिका पदाधिकारीहरूलाई राजस्व सुधार कार्ययोजना तयारी सम्बन्धमा मिति २०७९/०१/१२ मा

अभिमुखीकरण गर्ने कार्य गरेको थियो । अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र अनुसुची २ मा दिईएको छ ।

### तेस्रो चरणः तथ्याङ्क/सूचना सङ्कलन

कार्ययोजना तर्जुमा सम्बन्धी कार्यका लागि संस्थागत सूचना तथा तथ्याङ्कहरू समेत आवश्यक पर्ने हुन्छ । यसका लागि स्थानीय तहको वस्तुगत विवरण, वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका, आर्थिक ऐनहरू, राजस्व सम्बन्धी कानुनहरू, प्रगति विबरणहरू, आम्दानी तथा खर्चको फाँटवारी, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, सम्भाव्यता अध्ययन प्रतिवेदनहरूबाट पनि आवश्यक सूचना र तथ्याङ्क सङ्कलन गरियो । त्यसबाहेक, उद्योग वाणिज्य सङ्घ, यातायात व्यवसायीहरूको संगठन, होटल व्यवसायीहरूको संगठन आदि पेशागत एवम् व्यबसायिक संस्थाहरू लगायतका सरोकारवाला पक्षहरूसंगको छलफलबाट पनि आवश्यक सूचना तथा तथ्याङ्कहरू सङ्कलन गरिएको थियो । राजस्व सुधार कार्ययोजना तयारीको कममा मुख्यतः निम्न प्रकारका सूचनाहरू सङ्कलन गरिएको थियोः

- राजस्व प्रशासनको वर्तमान अवस्था, राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- राजस्व परिचालनका लागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरू
- कम्तीमा विगत तीन आर्थिक वर्षहरूको अनुमानित तथा यथार्थ आय विवरण
- चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक राजस्व (कर तथा गैरकर) सङ्कलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी बिस्तृत विवरण
- आन्तरिक राजस्व सङ्कलनको सम्भावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना
- राजस्व सुधारका लागि गर्नुपर्ने कार्ययोजनाहरू, सम्पन्न गर्ने समय तथा सोको जिम्मेवारी, आदि ।

कुनै सूचनाहरू/तथ्याङ्कहरू नमिल्दो र असगंतिपूर्ण देखिन गएमा त्यसलाई पूनः प्रमाणीकरण गरिएको थियो । यसरी प्रमाणीकरण गरी सकिएको तथ्याङ्कलाई कार्ययोजनाको उद्देश्यहरूले खोजे अनुसार तालिकामा रुपान्तरण गरिएको थियो । वस्तुगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूची २ अनुसार र विषयगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क अनुसूची ३ अनुसार सङ्कलन गरिएको थियो ।

### चौथो चरणः सूचना/तथ्याङ्कको विश्लेषण तथा कार्ययोजना तयारी एवम् राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको लागि आवश्यक सूचना/तथ्याङ्क सङ्कलन गरिसकेपछि त्यस्ता सूचनाहरूलाई विश्लेषण गरिएको छ । सूचना/तथ्याङ्क विश्लेषणको लागि तथ्याङ्कीय तथा गुणात्मक विधि दुवैलाई प्रयोगमा ल्याइएको छ । राजस्व सम्बन्धी नीतिगत व्यवस्थाको विश्लेषण गरी सुधारका उपायहरू पहिचानको लागि गुणात्मक विश्लेषण विधि प्रयोग गरिएको छ भने राजस्वको बृद्धिदर तथा विद्यमान दायराको विश्लेषण तथ्याङ्कीय विधिद्वारा गरिएको छ ।

स्थानीय तहको राजस्व अधिकार, हाल गरिरहेको आय सङ्कलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात् आय सङ्कलनमा पार्ने प्रभावहरूको मूल्याङ्कनलाई ध्यान दिदैं आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । यसरी तयार गरिने प्रक्षेपणले यस स्थानीय तहको बजेट तर्जुमा गर्न सहयोग पुग्ने छ । यसैगरी विगतको आयको बृद्धिदर विश्लेषण गरी आय सङ्कलनको अवस्थालाई विश्लेषण गरिएको छ । शुरु र अन्तिम बिन्दुको आधारमा वार्षिक बृद्धिदरको गणना निम्न शुत्रको प्रयोग गरी गरिएको छ ।

$$\text{CAGR} = \left(\frac{\text{Ending Value}}{\text{Beginning Value}}\right)^{\left(\frac{1}{\text{Number of Years}}\right)} - 1$$

जहाँ, CAGR = औसत वार्षिक बृद्धिदर

Ending Value = अन्तिम वर्षको यथार्थ रकम

Beginning Value = पहिलो वर्षको यथार्थ रकम

आय प्रक्षेपणसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूची ४ अनुसार गरिएको छ ।

### पाँचौं चरणः मस्यौदा कार्ययोजना तयारी

स्थलगत अध्ययनबाट प्राप्त भएका तथ्याङ्क तथा सूचनाहरूलाई गुणात्मक र परिमाणात्मक विधिहरूको प्रयोग गरी मस्यौदा कार्ययोजना तयार गरिएको छ । लेखन कार्य  राजस्व सम्बन्धी विज्ञता भएका विशेषज्ञबाट गरिएको थियो । भाषिक शुद्धता नेपाली भाषाका विज्ञहरूबाट परिक्षण गराइएको थियो ।

### छैठौं चरणः मस्यौदा प्रतिवेदन माथि छलफल तथा सुझाव सङ्कलन

राजस्व सुधार कार्ययोजना तर्जुमाका उपरोक्त चरणहरू पश्चात् तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन स्थानीय तहका सम्बन्धित सरोकारवालाहरू समक्ष प्रस्तुत गरी सुझाव लिइएको थियो । यसका लागि परामर्श कार्यशाला/बैठकको आयोजना गरिएको थियो । यस्तो छलफलबाट प्रतिवेदनमा छुट भएका विषय वा तथ्याङ्कीय कमजोरीहरूलाई सच्याउन र प्रतिवेदनका विषयमा सरोकारवालाहरूलाई जानकारी प्रदान गर्न पनि सहयोग पुगेको थियो ।

### सातौ चरणः अन्तिम मस्यौदा प्रतिवेदन तयारी, छलफल तथा पृष्ठपोषण

आमाछोदिङमो गाउँपालिका, रसुवा जिल्लाको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयार गरेपछि गाउँपालिकामा २०७९ असार १३ गते गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकिय अधिकृतज्यू, कार्यपालिका सदस्यज्यूहरू, राजस्व परामर्श समिति, वडा अध्यक्षज्यूहरू, शाखा प्रमुखज्यूहरू लगायतको सहभागितामा बृहद् छलफल गरिएको थियो (उक्त छलफलको उपस्थिति माईन्युट र फोटो अनुसूचीमा उल्लेख गरिएको छ) । उक्त छलफलमा प्राप्त सुझाव र सल्लाहलाई समेत समावेश गरी राजस्व सुधार कार्ययोजनालाई अन्तिम रुप प्रदान गरिएको छ । यस प्रतिवेदनलाई कार्यपालिकाको बैठकबाट कार्यान्वयनमा ल्याइने छ । उक्त कार्यक्रममा सहभागीहरूको सुची अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

### आठौं चरण: अन्तिम प्रतिवेदन कार्यपालिकाबाट स्वीकृती

राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन यस स्थानीय तहको राजस्व परामर्श समिति मार्फत कार्यपालिकामा पेश गरी स्वीकृत गराउने प्रतिबद्धता प्राप्त भएको छ । कार्यपालिकाबाट प्रतिवेदन स्वीकृत गराउँदा प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट विनियोजन गर्ने कार्यमा पनि सहजता आउने अपेक्षा गरिएको छ ।

## १.५ कार्ययोजनाका सीमाहरू

आमाछोदिङमो गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको क्षेत्र व्यापक रहेको भए तापनि सीमित स्रोत साधन, विगतका वर्षहरूको पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन्:

- यो प्रतिवेदन प्रमुख रूपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूको आधारमा तयार गरिएको छ। यसका अलावा अध्ययन तथा विश्लेषण कार्य गाउँपालिकाका सम्बन्धित शाखाका कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसँग भएका छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ।
- आमाछोदिङमो गाउँपालिकाको आन्तरिक आय तथा स्रोतको पहिचान गर्ने उद्देश्यका लागि तयार पारिएको तथ्याङ्क सङ्कलन फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा स्थलगत अध्ययनबाट सङ्कलन गरिएका छन् ।
- गाउँपालिकामा भएका अभिलेख र सरोकारवालाहरूको छलफलबाट प्राप्त सूचनाका आधारमा आयका स्रोतसम्बन्धी तथ्याङ्कहरू सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि सबै वडाहरूको स्थलगत सर्वेक्षण कार्य भएको छैन ।
- स्थानीय तह सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले दिएको राजस्व अधिकारका आधारमा राजस्व सम्बन्धी अध्ययन तथा विश्लेषण गरिएको छ ।
- संवैधानिक तथा कानुनी व्यवस्था अनुरूपका स्थानीय तहको नेतृत्वले आवश्यकताको आधारमा यो कार्ययोजनाको परिमार्जन हरेक वर्ष कार्ययोजनाको प्रगतिको समिक्षा गरी परिमार्जन गर्दै जान सक्नेछ ।
- गाउँपालिकाले महसुस गरेको खण्डमा राजस्व सुधार कार्ययोजनामा समयसापेक्ष परिमार्जन गर्दै कार्यान्वयनमा ल्याउन सक्नेछ । हरेक वर्ष राजस्व समितिको सिफारिसमा प्रगती समिक्षा गरी गाउँसभामा पेस गरी आवश्यक संसोधन गर्दै कार्यान्वयन गर्दै लगिनेछ ।
- यो कार्ययोजनाको तर्जुमाको कार्य नेपाल सरकार, सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरेको निर्देशिकाको पूर्ण पालना गरी गरिएको छ ।

# परिच्छेद दुईः गाउँपालिकाको सक्षिप्त परिचय

परिच्छेद दुईमा गाउँपालिकाको संक्षिप्त परिचय, अवस्थिति, मावन  साथै भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था तथा गाउँपालिकाको संस्थागत क्षमतालाई पनि चित्रण गरिएको छ।

## २.१ गाउँपालिको गठन तथा नामांकरण

बागमती प्रदेश अन्तर्गत रसुवा जिल्लामा पर्ने यो गाउँपालिका राज्य पुनर्संरचना गर्दा साबिकका हाकु, गत्लाङ, चिलिमे र गोल्जुङ गाविसलाई मिसाएर वि.सं.२०७३ मा गठन गरिएको हो। जलस्रोत हिसाबले ज्यादै धनी आमाछोदिङमो गाउँपालिकाको विशेषता भनेको यहाँको  चिलिमे, सानजेन र त्रिसुली जलविधुत आयोजना हो। राज्य पुनर्संरचना सिफारिस समितिले यस गाउँपालिकाको नाम पार्वतीकुण्ड गाउँपालिका भनी नामाकरण गरेको थियो । यस गाउँपालिकाको हालको वडा नं. ३ साविकको गतलाङ गा.वि.स.मा अवस्थित धार्मिक तथा प्राकृतिक स्थल पार्वतीकुण्डको नामबाट यस गाउँपालिकाको नाम पार्वतीकुण्ड गाउँपालिका भनी नामाकरण गरिएको हो। तथापी स्थानीय तहको निर्वाचन पश्चात् निर्वाचित पदाधिकारीहरूको गाँउसभाले यस गाउँपालिकाको नाम आमाछोदिङमो गाउँपालिका राख्ने भनी निर्णय गरेको थियो। पार्वतीकुण्ड गाउँपालिकाको राजपत्रमा यस गाउँपालिकाको नाम आमाछोदिङमो रहने भनी प्रकाशित भए पश्चात् पार्वतीकुण्डबाट आमाछोदिङमो बनेको हो। ९० प्रतिशत भन्दा बढी तामाङ/ घले जातीको बसोबास भएको क्षेत्र भएकोले गाउँपालिकाको नामाकरण पनि तामाङ भाषामा राखिएको हो । तामाङ भाषामा पार्वतीलाई आमा र पानीको कुण्डलाई छोदिङमो भनिने भएकोले आमाछोदिङमो रहन गएको हो।

## २.२ प्रशासनिक विभाजन

यस गाउँपालिकालाई प्रशासनिक विभाजनका आधारमा हेर्दा जम्मा ५ वटा वडामा विभाजन गरिएको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल ६८२.२३ वर्ग कि.मी. रहेको छ । यस गाउँपालिकामा कुल ७३५२  जनसङ्ख्या रहेको छ। यस गाउँपालिकामा वडा नं १ हाकु, वडा  नं २ ग्रेय, वडा नं ३ गत्लाङ, वडा नं ४ गोल्जुङ र  वडा नं ५  चिलिमे  पर्छन्। यस गाउँपालिकाको कार्यपालिकाको कार्यालय गोल्जुङमा रहेको छ।

## २.३ भौगोलिक तथा प्राकृतिक अवस्था

भौगोलिक हिसावले यो गाउँपालिका केही दुर्गम गाउँपालिका हो। धार्मिक, पर्यटकीय, ऐतिहासिक, भौगोलिक, आर्थिक र सांस्कृतिक दृष्टिकोणले यस गाउँपालिकाले निकै सम्भावना बोकेको पाईन्छ। प्राकृतिक स्रोत साधन र पर्यटनको दृष्टिले पनि उत्तिकै सम्भावना रहेको छ। यस गाउँपालिकाबाट बहने नदिहरूमा त्रिशुली गंगा, चिलिमे, मैलुनखोला तथा तालहरूमा पार्वतीकुण्ड, जागेश्वर कुण्ड, नोजे कुण्ड र गोप्पो कुण्ड र हिमालमा गणेश हिमाल प्रमुख प्राकृतिक सम्पदाहरू हुन्।

यस गाउँपालिकाको भैगोलिक अवस्थिति हेर्दा २८.०९२१६६ डिग्री देखि २८.३४०७८९ डिग्री उत्तरी अक्षांश र ८५.१५९७०३ डिग्री देखि ८५.३५०७९६ डिग्री पूर्वी देशान्तरसम्म फैलिएको छ। यस गाउँपालिकाको पूर्वमा गोसाइकुण्ड गाउँपालिका, पश्चिममा धादिङ जिल्ला र उत्तरगया गाउँपालिकाको उत्तरी भाग, उत्तरमा छिमेकी देश चीन र दक्षिणमा गोसाइकुण्ड गाउँपालिकाको दक्षिणी भाग र उत्तरगया गाउँपालिकाको पूर्वी भाग पर्दछ। यो गाउँपालिकाको क्षेत्रफल ६८२.२३ वर्ग कि.मी. रहेको छ।

आमाछोदिङमो गाउँपालिका




चित्र १: आमाछोदिङमो गाउँपालिकाको अवस्थिती

## २.४ वडागत रूपमा घरधुरी तथा जनसङ्ख्या

आमाछोदिङमो गाउँपालिकाको पार्श्वचित्र २०७५ अनुसार यस गाउँपालिकामा १७२६ घरधुरीहरूमा ७३५२ जनसङ्ख्या रहेको छ । उक्त तथ्याङ्क अनुसार वडा नं ५ मा सबैभन्दा बढी जनसङ्ख्या रहेको छ भने वडा नं २ मा सबैभन्दा कम जनसङ्ख्या रहेको छ। यस गाउँपालिकाको वडा अनुसार जनसङ्ख्या तथा घरधुरी विवरण तलको तालिका नं. १ मा दिइएको छ ।

तालिका १: वडा अनुसार जनसङ्ख्या विवरण

| वडा नं. | घरधुरी सङ्ख्या | जनसङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | अन्य | जम्मा |
| १ | ३४० | ७०६ | ६११ | ३ | १३२० |
| २ | २०३ | ५०१ | ४७५ | ० | ९७६ |
| ३ | ४१० | ९०६ | ८१९ | १ | १७२६ |
| ४ | ३१२ | ७०२ | ६२६ | ० | १३२८ |
| ५ | ४६१ | १०४० | ९६२ | ० | २००२ |
| जम्मा | १७२६ | ३८५५ | ३४९३ | ४ | ७३५२ |

*स्रोत: गाउँपालिका पार्श्वचित्र, २०७५*

## २.५ आर्थिक अवस्था

**पेसागत विवरण:** यस गाउँपालिकाको मुख्य पेसा कृषि रहेको छ । यस गाउँपालिकाको पेसामा समावेश हुनसक्ने ६९०० जनसङ्ख्यामध्ये ३४.३५ प्रतिशत कृषि तथा पशुपालनमा, ७.१४ प्रतिशत ज्यालामजदुरीमा, ३.१२ प्रतिशत व्यापार व्यवसायमा, २.०१ प्रतिशत वैदेशिक रोजगारमा र ०.५८ प्रतिशत सरकारी जागिरमा संलग्न रहेको पाईन्छ ।

**कृषि:** यस गाउँपालिकाको प्रमुख पेसाको रूपमा कृषि रहेको छ । गाउँपालिकाको कूल सक्रीय जनसङ्ख्यामध्ये ३४.३५ प्रतिशत जनसङ्ख्या कृषि तथा पशुपालनमा संलग्न रहेको देखिन्छ । यस क्षेत्रमा उत्पादन हुने मुख्य खाद्य तथा अन्नबालीमा धान, मकै, कोदो, आलु, दलहन, तरकारी र फलफूलमा सुन्तला, स्याउ केरा लगायतका अन्य फलफूलको खेती गरिन्छ । हाल यस गाउँपालिकामा आफ्नो खेति बारीबाट उत्पादन हुने खाद्य वस्तुबाट पुरा १२ महिनासम्म खाद्य सुरक्षा हुने परिवार सङ्ख्या ४१६ परिवार रहेको (२४.१ प्रतिशत), १०-११ महिना सम्म १९ परिवार (१.१ प्रतिशत), ७-९ महिना सम्म २७३ परिवार (१५.८ प्रतिशत), ४-६ महिना सम्म ६६२ परिवार ( ३८.३ प्रतिशत) र ३ महिना भन्दा कमसम्म ३५७ परिवार (२०.७ प्रतिशत) भेटिएको छ । त्यस्तै परिवारको सबैखाले आम्दानीबाट खाद्य सुरक्षाको हकमा १२ महिना पूरा खाद्य सुरक्षा हुने ११९१ परिवार (६९.० प्रतिशत), १०-११ महिनासम्म १३५ (७.८ प्रतिशत), ७-९ महिना सम्म हुने १०१ परिवार (५.९ प्रतिशत), ४-६ महिनासम्म हुने २८५ परिवार (१६.५ प्रतिशत) र ३ महिना भन्दा कम सम्म मात्र पुग्ने १५ परिवार (०.९ प्रतिशत) रहेको छ ।

**पशुपालन:** यस गाउँपालिकामा पशुपालन आयस्रोतको महत्वपूर्ण अंगको रूपमा रहेको छ । यस गाउँपालिकाका कुल १७२६ घरधुरीहरू मध्ये ४५.१ प्रतिशत (७७९ परिवार) ले पशुपालन गरिरहेको छन् । यस गाउँपालिकामा गाईगोरू, भैंसीराँगो, बाखा, भेडा, चौरी/याक जस्ता चौपायाहरू पालेको पाईन्छ । गाउँपालिकाको पार्श्वचित्र अनुसार यस गाउँपालिकामा ३३७८ वटा गाईगोरू, ४०३८ बाखाबोका, २०७१ भेडा च्याङ्ग्रा, १०७७ चौरी याक, १३६ वटा मात्र भैंसी/राँगो र ९३ अन्य पशु पालिएको पाईन्छ । त्यसैगरी ९ परिवारले व्यवसाय रूपमा कुखुरा फार्म सञ्चालन गरिरहेका छन् जहाँ २५३० कुखुरा रहेको पाईन्छ ।

**पर्यटन (प्रसिद्ध स्थलहरू):** यस गाउँपालिका धार्मिक तथा पर्यटकीय दृष्टिकोणबाट धनी नै मानिन्छ। यस गाउँपालिकामा आन्तरिक तथा वाह्य पर्यटकीय सम्भावना बोकेका धार्मिक, सांस्कृतिक तथा ऐतिहासक स्थलहरूमा छामकाङ भ्यू प्वाइन्ट, पार्वतीकुण्ड, सोमदाङ, तातोपानी, नागथली र तामाङ सम्पदा मार्ग आदि रहेका छन् । गाउँपालिकाको पार्श्वचित्र अनुसार मासिक औषतमा २००० पर्यटकहरू आउने गरेको पाईन्छ ।

**सिंचाई:** यस गाउँपालिकामा ३०८७ रोपनी खेत र ७५१० रोपनी बारी उपलब्ध रहेको पाईएको छ । त्यस्तै कुल खेतको क्षेत्रफलमध्ये १५.१ प्रतिशत खेतमा मात्र १२ महिना सिंचाई हुने, ४४.५ प्रतिशत खेतमा वर्षयाममा मात्र सिंचाई हुने र ३८.४ प्रतिशत खेत सुख्खा रहेको पाइएको छ । त्यस्तै बारीको हकमा १६ प्रतिशत बारी १२ महिना सिंचाई हुने, ५२.१ प्रतिशत बारी वर्षमा मात्र सिंचाई हुने र ३१.९ प्रतिशत बारी सुख्खा रहेको छ ।

**यातायात पहुँच:** यस गाउँपालिकाको १ नं. वडा बाहेक सबै वडा सडक संजालसँग जोडिएको पाईन्छ । यस गाउँपालिका क्षेत्रभित्र रहेका सडकहरूमा ९२ कि.मि सडक ग्राभेल र ६० कि.मि. सडक कच्ची तथा मौसमी सडक रहेका छन् ।

**उद्योग, व्यापार व्यवसाय तथा कलकारखाना:** राष्ट्रिय आर्थिक गणना २०७५ को प्रारम्भिक नतिजाअनुसार यस गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका व्यवसायहरूको बारेमा उल्लेख गरिएको छ । उक्त गणना अनुसार यस गाउँपालिकामा १५९ वटा व्यवसाय सञ्चालनमा रहेको देखिन्छ । कुल सक्रिय जनसङ्ख्यामध्ये ३.१२ प्रतिशत व्यापार व्यवसायमा संलग्न रहेको पाईन्छ ।

**मुख्य व्यापारिक केन्द्रहरू:** यस गाउँपालिकाको मुख्य व्यापारिक केन्द्रहरूमा खाद्य सामग्री, निर्माण सामग्री तथा घरेलु उत्पादनका वस्तुहरूका लागि थाम्बुचेत र आलु, सिमी, चिज आदिको लागि गतलाङ रहेका छन् ।

**विद्युत सुविधा:** घरपरिवार सर्वेक्षण २०७५ अनुसार यस गाउँपालिकामा वत्तीको लागि उपयोग गरिने इन्धनको रूपमा विजुली, सोलार, मट्टितेल लगायतका रहेका छन् । जसमध्ये ९४.४ प्रतिशत घरपरवारले विजुली, ४.१ प्रतिशत घरपरिवारले सोलार र ०.७ प्रतिशत घरपरिवारले मट्टितेलबाट बल्ने टुकी बत्ती बाल्न प्रयोग गर्ने गरेको पाईन्छ । त्यसैगरी खाना पकाउने मुख्य इन्धनको रूपमा सबै भन्दा बढी ९३.६ प्रतिशत घरपरिवारले दाउरा, ४.४ प्रतिशत घरपरिवारले एल.पी. ग्यास, १.७ प्रतिशत घरपरिवारले विजुली र बाँकी घरपरिवारले खाना पकाउने उर्जाको रूपमा अन्य इन्धन उपयोग गरेको पाईन्छ ।

**सञ्चार सुविधा :** यस गाउँपालिकामा उपलब्ध सेवा सुविधालाई हेर्दा कुल घरधुरी सङ्ख्यामध्ये २१.१ प्रतिशत घरहरूमा टिभि, ३.७ प्रतिशत परिवारमा कम्प्युटर, ७७.४ प्रतिशतमा मोबाइल सेट रहेको पाईन्छ । यस तथ्याङ्कअनुसार अहिले अधिकांश परिवारमा मोबाइल फोन सुविधा पुगेको देखिन्छ ।

**खानेपानी तथा सरसफाई:** खानेपानीको वितरण प्रणाली तथा स्रोतको आधारमा पाईपबाट वितरण गरिने विधि अरूभन्दा सुरक्षित मानिन्छ । यस गाउँपालिकाका १७२६ घरधुरीमध्ये ९७.९ प्रतिशत घरधुरीहरूले पाइपबाट वितरण गरिएको खानेपानी प्रयोग गर्ने गरेको पाईन्छ भने बाँकी २.१ प्रतिशत घरधुरीले मात्र खानेपानीको अन्य स्रोत जस्तै इनार, मुलको पानी र खोलाको पानी प्रयोग गरेको पाईन्छ । त्यस्तै गाउँपालिकामा शौचालयको प्रयोगको अवस्थालाई हेर्दा कुल घरपरिवारमध्ये ८६.२ प्रतिशत (१४८७ घरधुरी) घरधुरीले चर्पी प्रयोग गरेको पाईन्छ । जसमा ९४.४ प्रतिशत चर्पीहरू पानी हाल्ने किसिमको, ३ प्रतिशत खाल्डो चर्पी र २.४ प्रतिशत फ्लस चर्पी रहेका छन् ।

**भवन तथा आवास:** यस गाउँपालिकाका बसोबास गरेको घरको स्वामित्व अनुसार परिवार सङ्ख्याको विश्लेषण गर्दा नीजि घरमा बसोबास गर्ने ९७.६० प्रतिशत रहेको छ भने भाडाको घरमा बसोबास गर्ने ०.३ प्रतिशत मात्र रहेको छ । यस गाउँपालिकाको अन्तर्गत रहेका घरका छानाको आधारमा वर्गीकरण गर्दा सबैभन्दा बढी ७७.५ प्रतिशत घरमा छानो जस्ता/टिनको, १४.८ घरहरूमा छानो काठको पाइएको छ । थोरैमा ४.८ प्रतिशत परिवारहको घरको छानो ढलान गरिएको पाइएको छ । अत्यन्त न्यून सङ्ख्यामा ९ घरको छानो खर/परालको, १६ घरको टायल/खपडा, ९ घरको पाल/प्याष्टिक/स्याउला र १८ घरको अन्य वस्तुहरूले बनेको पाईन्छ । त्यस्तै घरको निर्माण र संरचनाको आधारमा हेर्दा सबैभन्दा बढी ३०.७ प्रतिशत घरहरू परम्परागत कच्चि र क्रमशः २६.६ प्रतिशत घरहरू भूकम्प प्रतिरोधि कच्चि, २३.६ प्रतिशत घरहरू पक्कि र कच्चि दवै भएको, अझै १० प्रतिशत घरहरू टहरा, ४.२ प्रतिशत घरहरू झुपडी, ४.२ प्रतिशत पुरै पक्कि रहेको पाइएको छ ।

**शिक्षा:** गाउँपालिकाको पार्श्वचित्र २०७५ अनुसार गाउँपालिकामा १४ वटा सामुदायिक बाल विकास केन्द्र, २० वटा आधारभूत विद्यालय, ६ वटा माध्यामिक विद्यालयहरू र सामुदायिक अध्ययन केन्द्र ४ वटा रहेको पाईन्छ । अध्ययनरत विद्यार्थीहरूको शैक्षिक संस्थाहरूमा भएको आवद्धता अनुसार सरकारी, निजी, प्राविधिक र गुम्बाहरू रहेको पाईन्छ । उक्त तथ्याङ्क अनुसार सरकारी

शैक्षिक संस्थाहरूमा अध्ययनरत विद्यार्थीहर ६०.७२ प्रतिशत (१५६६ जना), निजिमा ३४.७४ प्रतिशत (८९६ जना), प्राविधिक संस्थाहरूमा १ जना र गुम्बामा ४.५ प्रतिशत (११६ जना) रहेका छन् । त्यस्तै विद्यालय उमेरको जनसङ्ख्यामध्ये ५७.३६ प्रतिशत मानिसहरू लेखपढ गर्न सक्ने देखिन्छ भने ४२.६४ प्रतिशत मानिसहरूलाई लेखपढ गर्न नआउने देखिन्छ ।

**स्वास्थ्यः** मानिसहरूको सहज जीवनको लागि स्वास्थ्य महत्वपूर्ण भूमिका रहेको हुन्छ । राम्रो स्वास्थ्यको लागि मानिसहरूमा स्वास्थ्य व्यवहार, स्वास्थ्यसम्बन्धीको जानकारी तथा ज्ञान, सहज स्वास्थ्य सुविधा र स्वास्थ्य सुविधामा पहुँचको जरूरी हुन्छ । यस गाउँपालिकाको दीर्घरोग लाग्दाको उमेरको विश्लेषण गर्दा २१ देखि ३० वर्ष हुँदा मानिसहरूलाई ज्यादा दीर्घरोग लागेको पाईएको छ । यसमध्ये उच्च रक्तचापको रोगीहरू सबैभन्दा बढी देखिन्छ । उक्त तथ्याङ्कले लगभग सबै उमेर समूहका मानिसहरूमा उच्च रक्तचापाको रोग देखिएको छ । ३१ वर्ष माथिका मानिसहरूमा मधुमेहको रोग बढी पाइएको छ ।

**बैंक, वित्तीय संस्था तथा सहकारीः** घरपरिवार सर्वेक्षण २०७ अनुसार गाउँपालिका क्षेत्रभित्र रहेका बैंक ताथा वित्तीय संस्थाहरूमा २ वटा सहकारी, १ मनि ट्रान्सफर र १ वटा बैंक रहेको पाईन्छ । यिनै संस्थाहरूबाट यहाँका मानिसहरू आर्थिक कारोवार गर्ने गरेको पाईन्छ ।

**फोहरमैला व्यवस्थापनः** यस गाउँपालिकामा फोहरमैला व्यवस्थापनका लागि छुट्टै ल्याण्डफिल साइटको व्यवस्था भएको पाइदैन । घरबाट निस्कने फोहर स्थानीयबासीले आफै व्यवस्थापन गर्ने गरेको पाईन्छ । गाउँपालिकाको पार्श्वचित्र अनुसार घरबाट निस्कने फोहर व्यवस्थापनको लागि कुहिने फोहर खाल्डोमा पुर्ने ४९.४ प्रतिशत, २९.३ प्रतिशतले मल बनाउने, २०.५ प्रतिशत बाहिर फाल्ने गरेको पाईन्छ । त्यस्तै नकुहिने फोहर व्यवस्थापनको लागि ७९.२ प्रतिशतले आगोमा डढाउने गरेको, २३.१ प्रतिशतले बाहिर फाल्ने, १४ प्रतिशतले खाल्डोमा पुर्ने गरेको पाईन्छ ।

## २.६ गाउँपालिकाको मानवीय संशाधन

नेपालको संविधान जारी भए पश्चात् सङ्घीयता कार्यान्वयनका पहिलो चरण स्वरूप स्थानीयतहको निर्वाचन (पहिलो निर्वाचन २०७४ वैशाख ३१ गते) सम्पन्न भई स्थानीयतहको गठन भएको हो । यस गाउँपालिकाको कर्मचारीको स्वीकृत दरबन्दी सङ्ख्या सम्बन्धी विवरण तलको तालिका २ मा प्रस्तुत गरिएको छ ।

तालिका २: गाउँपालिकामा कार्यरत कर्मचारी विवरण

| क्र.सं. | पद | स्वीकृत दरबन्दी सङ्ख्या | कैंफियत |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ | |
| २ | इन्जिनियर | १ | |
| ३ | पशु स्वास्थ्य अधिकृत | १ | |
| ४ | सूचना प्रविधि अधिकृत | १ | |
| ५ | सूचना अधिकारी | १ | |
| ६ | सव इन्जिनियर | २ | |
| ७ | कानुनी सहजकर्ता | १ | |
| ८ | एम.आइ.एस अपरेटर | १ | |
| ९ | लेखापाल | १ | |
| १० | उद्यम विकास सहजकर्ता | २ | |
| ११ | फिल्ड सहायक | २ | |
| १२ | सव असिस्टेन्ड | ३ | |
| १३ | ना.प्रा.स | २ | |
| १४ | ना.प्रा.स. पशु | २ | |
| १५ | हलुका सवारी चालक | १ | |
| १६ | कार्यालय सहायक | ९ | |
| | **कुल जम्मा** | **३१** | |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७८*

## २.७ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था

यस गाउँपालिकाको भौतिक सम्पत्तिको कुरा गर्दा स्थलगत सर्वेक्षणबाट प्राप्त विवरण अनुसार ४ वटा वडा कार्यालय आफ्नै कार्यालय भवन भएको पाईन्छ । त्यस्तै १ गाडी, १ स्काभेटर, ११ मोटरसाइकल र १२ वटा कम्प्युटर प्रिन्टर रहेको पाईन्छ । हाल बन्दै गरेको अस्पताल बाहेक गाउँपालिकाको आफ्नै स्वामित्व वा भोगचलनमा जग्गा रहेको पाईदैन । यस गाउँपालिकामा भएका भौतिक सम्पत्तिको विवरण तालिका ३ मा राखिएको छ ।

तालिका ३: गाउँपालिकाको भौतिक सम्पत्तिको विवरण

| क्र.सं. | भौतिक सम्पति | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | कार्यालय भवन | ४ | वडा कार्यालय ४ वटा |
| २ | गाडी | १ | |
| ३ | मोटरसाइकल | ११ | |
| ४ | स्काभेटर | १ | |
| ५ | कम्प्युटर, प्रिन्टर | १३ | |

# परिच्छेद तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेद तीनमा गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भावना, समस्या तथा चुनौतिहरूलाई शीर्षकगत रूपमा विश्लेषण गरिएको छ। यस विश्लेषणले गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भावना र पहिचानमा सुधार गर्न यस राजस्व सुधार कार्ययोजनाले महत्वपूर्ण सहयोग पुऱ्याउने छ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानले अनुसूची ८ अनुसार स्थानीय तहलाई वित्तीय अधिकार अर्न्तगत निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ। चित्र ३ मा राजस्व अधिकारहरूलाई देखाईएको छ।




चित्र २: राजस्व अधिकारहरू

सङ्घीय कानुन अन्तर्गत स्थानीय तह सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरेको छ :




चित्र ३: तहगत राजस्व अधिकार

## (क) गाउँपालिकाको एकल अधिकार:

### १) कर

**सम्पत्ति कर:** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने । ऐनमा "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने । *(आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट संशोधित व्यवस्था)*

- **भूमि कर (मालपोत):** आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमि कर लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । *(आर्थिक विधयक २०७५ बाट संशोधित व्यवस्था)*

- **घर जग्गा बहाल कर:** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएको अवस्थामा लगाउने घर जग्गा बहाल कर ।
- **व्यवसाय कर:** पुंजीगत लगानी र आर्थिक कारोवारको आधारमा ।
- **सवारी कर:** टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- **जडीवुटी, कबाडी र जीवजन्तु कर:** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीवुटी, बनकस (खर), कबाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यावसायिक उपयोग गरे वापत ।

**२) शुल्क**

- **बहाल बिटौरी शुल्क:** आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत ।
- **पार्किङ शुल्क:** आफ्नो क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सेवा उपलब्ध गराए वापत ।

**३) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, बञ्जी जम्प, प्याराग्लाइडिङ्ग, ट्रेकिङ्ग, कायकिङ्ग, जिपफ्लायर आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा ।
- गाउँपालिकाद्वारा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाइ, ढल निकास, सडक बत्ती, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोबिघाट, सडक, बसपार्क, पुल आदि) ।
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क ।
- सिफारिस सम्बन्धी कुनै सेवा शुल्क ।

**४) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर
- एफ.एम. रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधी पसल, प्लटिङ्ग ।
- ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग ।
- नक्सा पास दस्तुर
- पञ्जीकरण व्यवस्थापन दस्तुर
- वडा मार्फत् गरिने सिफारिस तथा प्रमाणित दस्तुर

**५) बिक्री गर्न सक्ने (केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित व्यवस्था)**

- आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**६) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ख) प्रदेश तथा सङ्घीय कानुन अनुसार प्राप्त हुने (दफा ११ (४) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिँचाइ सेवा शुल्क
- स्थानीय स्तरमा जडीवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, सङ्कलन, प्रशोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रूट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केबल, तारविहीन टेलिभिजन प्रसारण अनुमति, नविकरण
- स्थानीय तहको पत्रपत्रिकाको दर्ता

**सङ्घीय कानुन (अन्तर सरकारी वित्त व्यावस्थापन ऐन, २०७४) ले स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छः**

**(क) एकल कर प्रशासनसम्बन्धी व्यवस्था (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)**

क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिकाले उठाउने

घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाको सञ्चित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने
- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने
- प्रदेशले मासिक रूपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

**(ख) राजस्व बाँडफाँड**

- नेपाल सरकारले सङ्कलन गरेको मुल्य अभिवृद्धि कर र अन्तशुल्कबाट सङ्कलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
    - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने
    - स्थानीय सञ्चित कोषमा मासिक रूपमा प्राप्त हुने
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
    - प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रूपमा प्राप्त हुने

**(ग) अनुदान**

- वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदानः पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि सङ्घ र प्रदेशबाट

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने

- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानुनमा उल्लेख बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकूल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
- कर नलाग्ने: कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामूहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामूहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक नीजि साझेदारीबाट गर्न सक्ने ।

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाव्य आय शीर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले गाउँपालिकामा सम्भावना भएका आयका शीर्षकहरूको सम्भाव्यता, सङ्कलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउँछ । तालिका ४ मा आयका शीर्षक र सम्भावनाहरू प्रस्तुत गरिएको छ ।

तालिका ४: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

| क्र.सं. | आयका शीर्षक | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था (भएको/नभएको) | सङ्कलन भए/नभएको |
|---|---|---|---|---|
| **(क) कर तर्फ** | | | | |
| १ | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| २ | सम्पत्ति कर | छ | नभएको | नभएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | भएको | नभएको |
| ४ | घर जग्गा बहाल कर | छ | भएको | भएको |
| ५ | व्यवसाय कर | छ | भएको | भएको |
| ६ | जडीवुटी, कबाडी र जीवजन्तु कर | छ | नभएको | नभएको |
| ७ | विज्ञापन कर | छ | नभएको | नभएको |
| ८ | मनोरञ्जन कर | छ | नभएको | भएको |
| **(ख) अन्य राजस्व** | | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री | छ | भएको | भएको |
| २ | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | छ | भएको | नभएको |
| ३ | वन पैदावर (सामुदायिक वनको) बिक्री वापतको आय | छ | भएको | नभएको |

| क्र.सं. | आयका शीर्षक | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था (भएको/नभएको) | सङ्कलन भए/नभएको |
|---|---|---|---|---|
| ४ | नक्सापास दस्तुर | छ | भएको | सङ्कलन नभएको |
| ५ | व्यक्तिगत घटना बिलम्ब दर्ता शुल्क | छे | भएको | सङ्कलन भएको |
| ६ | बहाल बिटौरी शुल्क | छ | भएको | सङ्कलन नभएको |
| ७ | पार्किङ्ग शुल्क | छैन | नभएको | नभएको |
| ८ | अस्पताल सञ्चालन | छ | भएको | नभएको |
| ९ | फोहरमैला व्यवस्थापन शुल्क | छैन | नभएको | नभएको |
| १० | स्थानीय खानेपानी महसुल | छैन | नभएको | नभएको |
| ११ | स्थानीय विद्युत् महसुल | छ | नभएको | नभएको |
| १२ | केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छ | नभएको | नभएको |
| १३ | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोबीघाट, सडक, बसपार्क, पुल आदि) | छ | नभएको | नभएको |
| १४ | मूल्याङ्कन सेवा शुल्क | छैन | नभएको | नभएको |
| १५ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर सम्भावना नभएको (एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म) | छ | भएको | भएको |
| १६ | ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | छ | भएको | नभएको |
| १७ | वडा मार्फत् गरिने सिफारिस तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| १८ | दण्ड जरिवाना | छ | नभएको | नभएको |

***स्रोतः*** *स्थलगत सर्वेक्षण, २०७८*

## ३.३ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

यस गाउँपालिकाले आन्तरिक स्रोत अन्तर्गत राजस्वका विभिन्न शीर्षक अन्तर्गत राजस्व सङ्कलन गर्न सक्नेछन् जस अनुसार प्रमुख क्षेत्रहरू राजस्व र विज्ञापन करका विभिन्न शीर्षक अनुसार कर वा दस्तुर लगाउन सक्नेछ (चित्र २)।




चित्र ४: राजस्व तथा करका विभिन्न शीर्षकहरू

### ३.३.१ कर राजस्व

गाउँपालिकाको राजस्वका विभिन्न स्रोतहरू मध्ये कर राजस्व अन्तर्गत हाल परिचालन भइरहेको, सम्भाव्य स्रोत र सोको परिचालनका लागि गर्नुपर्ने सुधारहरू यसप्रकार रहेका छन्:

**(क) सम्पत्ति कर**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ५५ मा सम्पत्ति कर सम्बन्धी प्रावधान रहेको हुँदा उक्त दफा अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घर र सो घरले चर्चेको क्षेत्रफल बराबरसम्मको जग्गामा सम्पत्ति कर लगाउन सक्ने कानुनी व्यवस्था रहेको छ।

**विद्यमान अवस्थाः** यस गाउँपालिकाले कानुनी प्रावधान अनुरूपको सम्पत्ति कर निर्धारण गरेको छ। गाउँपालिकाको आर्थिक ऐनको दफा २ मा गाउँपालिका क्षेत्रभित्र अनुसूची १ बमोजिम सम्पत्ति कर लगाइने कुरा उल्लेख गरिएको छ। जसमा पक्की घरका लागि प्रति वर्गमिटर रू. ०.५ र कच्ची घरका लागि प्रतिघर रू. २५० दर निर्धारण गरिएको छ। यस गाउँपालिकाले आ.व. २०७५/७६

मा यस शीर्षकमा रू. १ लाख ३७ हजार ५०० रूपैया आम्दानीको प्रक्षेपण गरेको देखिन्छ। तरपनि हालसम्म यस गाउँपालिकाले सम्पत्ति कर शीर्षकमा कुनै राजस्व सङ्कलन गरेको कुनै तथ्याङ्क उपलब्ध छैन ।

**सम्भाव्यता:** यस गाउँपालिकाको पार्श्वचित्र अनुसार यहाँ कुल १७२६ घरधुरी रहेको पाईन्छ । विद्यमान कानुनी व्यवस्था अनुसार घर तथा घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको हुँदा कुल १८९३ घरधुरीमध्ये १६९९ घरधुरीको आफ्नै घर रहेको हुँदा सो घरधुरीलाई नै कुल सम्पत्ति करदाता सङ्ख्या कायम गरिएको छ । तसर्थ गाउँपालिका पार्श्वचित्रमा उल्लेख भए बमोजिम कुल घरधुरीका स्वामित्वमा भएका घरहरूलाई कच्ची र फुस/खरले छाएका घर, कच्ची र ढुङ्गा, काठ, माटो/खर/टायल/टिनको छानो भएका घर, टायल वा ढुङ्गाले छाएका घर, र वाल सिस्टम/पिलर सिस्टम/भूकम्प प्रतिरोधी घर गरी ४ समूहमा विभाजन गरी यी चार किसिमका घरधुरीलाई तल उल्लेखित दरमा कर निर्धारण गर्नु उपयुक्त हुने प्रस्ताव गरिएको छ । जस अनुसार रू. ५ लाख २६ हजार ८०० रूपैया सम्पत्ति कर वापतको राजस्व सङ्कलन हुने सम्भावना देखिन्छ।

तालिका ५: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर

| करदाता सम्बन्धी विवरण | करदाताको सङ्ख्या | करको औसत दर (प्रस्तावित) | सम्भाव्य कुल आय रू. |
|---|---|---|---|
| कच्ची र फुस/खरले छाएको घर भएका करदाता | ९ | २०० | १८०० |
| कच्ची र ढुङ्गा, काठ, माटो र टायल/टिनको छानोको घर भएका | १५९२ | ३०० | ४७७६०० |
| टायल वा ढुङ्गाले छाएका सिमेन्टेड घर भएका करदाता | १६ | ४०० | ६४०० |
| वाल सिस्टम/पिलर सिस्टम/भूकम्प प्रतिरोधी घर भएका करदाता | ८२ | ५०० | ४१००० |
| **जम्मा** | १६९९ | | ५२६८०० |

*स्रोत: गाउँपालिकाको पार्श्वचित्र, २०७५*

**सुधारका पक्षहरू:**

सम्पत्ति कर कार्यान्वयनका लागि यस गाउँपालिकाले गर्नुपर्ने विषयहरू निम्नअनुसार रहेको देखिन्छ:

- गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण घरधुरीहरूलाई सम्पत्तिकरको दायरा भित्र ल्याउने ।
- सम्पत्ति कर तथा मालपोत कर छुट्टाछुट्टै निर्धारण गर्ने ।
- घर करको रूपमा लिइएको सम्पत्ति करलाई सम्पत्ति कर नै उल्लेख गरी प्रगतिशील करको दर निर्धारण गरी समावेश गर्ने ।
- सम्पत्ति कर सम्बन्धी पदाधिकारी तथा कर्मचारीहरूका लागि तालिम सञ्चालन गर्ने ।
- सम्पत्ति कर सम्बन्धी सफ्टवेयर सबै वडाहरूका कम्प्युटरमा राखेर गाउँपालिका कार्यालय तथा सबै वडारूबाट सङ्कलन गर्ने
- सम्पत्ति कर सम्बन्धी आम जनताहरूलाई सञ्चारका विभिन्न माध्यमबाट सूचित गर्ने ।

## (ख) मालपोत वा भूमिकर

गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा स्थानीय तह सञ्चालन ऐनको दफा ५६ अनुसार जग्गाको उपयोगका आधारमा भूमिकर (मालपोत) लगाउन सक्ने व्यवस्था रहेको छ । तर सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) नलगाइने उल्लेख गरिएको छ ।

**विद्यमान अवस्थाः**

मालपोतलाई परम्परादेखि चल्दै आएको र दिगो राजस्वको स्रोत मानिन्छ । यस गाउँपालिकाको आर्थिक ऐनको दफा ३ मा गाउँपालिका क्षेत्रभित्र अनुसूची २ बमोजिम मालपोत कर लगाइने कुरा उल्लेख गरिएको छ । गाउँपालिकाले मालपोत कर प्रयोजनको लागि कृषि सडक आसपासको घडेरीयोग्य जग्गा प्रति रोपनी रू. १५, कृषि सडक आसपासको खेतीयोग्य जग्गा प्रति रोपनी रू. १० र कृषि सडक आसपासको पाखो जग्गा प्रति रोपनी रू. ५ का दरले जग्गाको मूल्याङ्कन गरी राजस्व दर निर्धारण गरेको पाईन्छ । मालपोत कर वापत गाउँपालिकाले आ.व. २०७६/७७ मा रू. ९७ हजार ५ सय २७ रूपैया, आ.व. २०७७/७८ मा रू. ३ लाख ५३ हजार ९ सय ९१ रूपैया राजस्व सङ्कलन गरेको पाईन्छ ।

**सम्भाव्यताः**

मालपोतलाई परम्परादेखि चल्दै आएको र दिगो राजस्वको स्रोत मानिन्छ । यस गाउँपालिकाले जग्गाको वर्गिकरणको आधारमा मालपोतको दर निर्धारण तथा जमिनको मूल्याङ्कन गरेको देखिन्छ। जसअन्तर्गत कृषि सडक आसपासको घडेरीयोग्य जग्गा, कृषि सडक आसपासको खेतीयोग्य जग्गा र कृषि सडक आसपासको पाखो जग्गा गरी तीन भागमा विभाजन गरेको पाईन्छ। गाउँपालिकाको पार्श्वचित्र अनुसार १५४२ रोपनी घडेरी जग्गा, ३०८७ रोपनी खेत र ७५१० रोपनी बारी गरी कुल खेतीयोग्य जमिन १०५९७ रोपनी, र १५५ रोपनी पाखो जग्गा रहेको देखिन्छ। यसर्थ, गाउँपालिकाले निर्धारण गरेको मालपोतदरमा पुनरावलोकन गरी क्रमशः रू. २०, रू. १५ र रू. १० अनुसार कर लगाउँदा रू. १ लाख ९१ हजार ३ सय ४५ रूपैया राजस्व सङ्कलन हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरूः**

यस सम्बन्धमा अध्ययन अनुसन्धान गर्दा सुधारका पक्षहरू निम्नानुसार छन् :

- गाउँपालिकाले मालपोत कार्यालयसँग समन्वय गरी जग्गा धनी र जग्गाको तथ्याङ्क अभिलेखीकरण गर्ने ।
- करको दर निर्धारण गर्दा मुख्य बजार क्षेत्र तथा सडक पहुँच भएका बढी मुल्य जाने क्षेत्रहरूमा करको दर बढी र बस्ती तथा सडकको पहुँच नभएका क्षेत्रमा करको दर कम गर्ने ।
- मालपोतको करको दर निर्धारण गर्दा प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने ।

## (ग) घरजग्गा बहाल कर

स्थानीय तह सञ्चालन ऐनको दफा ५७ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

यस गाउँपालिकाको आर्थिक ऐनमा दफा ३ गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची ३ बमोजिम घरजग्गा बहाल कर लगाउने उल्लेख गरेको छ । गाउँपालिकाको पार्श्वचित्र २०७५ अनुसार यस गाउँपालिकामा ५ घरपरिवार भाडाको घरमा बस्ने गरेको देखिन्छ । त्यस्तै राष्ट्रिय आर्थिक गणना २०७५ को प्रारम्भिक नतिजा अनुसार यस गाउँपालिकामा विभिन्न किसिमका १५९ व्यवसायिक संस्थाहरू सञ्चालनमा रहेको पाईन्छ । यस गाउँपालिकाले घर बहाल कर अन्तर्गत आ.व. २०७६/७७ मा रू. ४ लाख २४ हजार ७२८ रूपैया र आ.व. २०७७/७८ मा रू. ९३ हजार ६७३ रूपैया राजस्व सङ्कलन भएको देखिन्छ ।

**सम्भाव्यताः**

यस गाउँपालिका क्षेत्रमा ज्यादै न्यून घर तथा जग्गा मात्र बहालमा रहेका छन् । गाउँपालिकाको पार्श्वचित्र, २०७५ अनुसार ५ घरपरिवार मात्र भाडाको घरमा बसेको देखिन्छ । हाल भाडामा बस्ने घरपरिवार बढेर १५ घरपरिवार भाडामा बस्ने अनुमान गरिएको छ । जस अनुसार १५ घरपरिवारले वार्षिक २४,००० का दरले घरबहाल बुझउँदा वार्षिक रू. ३,६०,००० बहाल उठ्ने देखिन्छ । सो घरबहालको १० प्रतिशतले हुन आउने रकम रू. ३६,००० बहाल कर उठ्न सम्भावना देखिन्छ । त्यसैगरी १५९ व्यवसायिक संस्थाहरूले घर भाडामा लिएर बसेको अनुमान स्वरूप औषत वार्षिक ४८,००० को दरले घरबहाल उठाउँदा रू. ७६,३२,००० बहाल उठ्ने देखिन्छ । सोको १०% ले हुन आउने रकम रू. ७ लाख ६३ हजार २०० रूपैया बहाल कर उठ्न सक्ने देखिन्छ । यसै आधारमा गाउँपालिकाको बहाल कर उठाउँदा वार्षिक रू. ७ लाख ९९ हजार २०० रूपैया बहाल कर उठ्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरूः**

- गाउँपालिकाद्वारा घर जग्गा बहालमा लगाउने र बस्ने व्यक्तिहरूको विवरण अद्यावधिक गर्ने र सोही अनुसार कर असुलीका लागि सूचित गर्ने ।
- गाउँपालिकाको स्वमित्वमा भएका खाली जग्गाहरू उपभोगका लागि भाडामा वा लिजमा लगाएर राजस्व/कर प्राप्त गर्न सकिन्छ ।

## (घ) व्यापार व्यवसाय कर

स्थानीय तह सञ्चालन ऐनको दफा ५८ मा गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था रहेको छ ।

विद्यमान अवस्थाः

यस गाउँपालिका आर्थिक ऐन २०७५ को दफा ५ मा गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची ४ बमोजिम व्यवसाय कर लगाइने व्यवस्था रहेको छ । आ.व. २०७६/७७ मा यस शीर्षकबाट रू. ९ हजार ६ सय राजस्व सङ्कलन भएको थियो भने आ.व. २०७७/७८ मा यस शीर्षकबाट रू. ८ हजार ६ सय राजस्व सङ्कलन भएको देखिन्छ ।

**सम्भाव्यताः**

केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको राष्ट्रिय आर्थिक गणना २०७५ को प्रारम्भिक नतिजा अनुसार यस गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका व्यवसायहरूको बारेमा उल्लेख गरिएको छ। उक्त गणना अनुसार यस गाउँपालिकामा १५९ वटा व्यवसाय सञ्चालनमा रहेको देखिन्छ। यस गाउँपालिकाका १५९ वटा व्यवसायबाट वार्षिक रू. ३ लाख ५६ हजार व्यवसाय कर सङ्कलन हुने सम्भावना देखिन्छ। यसैगरी नयाँ व्यवसाय दर्ता तथा नविकरण गर्दा यो राजस्व रकम अझ बढ्न सक्ने देखिन्छ। यस गाउँपालिका व्यवसाय सम्बन्धी विवरण तालिका ६ मा देखाइएको छ।

तालिका ६: व्यवसाय सम्बन्धी विवरण

| व्यवसाय | सङ्ख्या | करको औषत दर (प्रस्तावित) | सम्भावित राजस्व (रू. मा) |
|---|---|---|---|
| कृषि, वन, माछा पालन | १४ | १००० | १४,००० |
| उत्पादन | २ | ५००० | १०,००० |
| खानी, विद्युत, ग्याँस, खानेपानी तथा निर्माण | २ | ५००० | १०,००० |
| थोक तथा खुद्रा व्यापार | ५६ | २००० | ११२,००० |
| ढुवानी, भण्डारण, सूचना र सञ्चार | ६ | ३००० | १८,००० |
| होटल, लज | ३१ | ३००० | ९३,००० |
| वित्त, वीमा | १ | ५००० | ५,००० |
| शिक्षा | १२ | २००० | २४,००० |
| मानव स्वास्थ्य र समाजिक कार्य | ६ | २००० | १२,००० |
| घरजग्गा, पेसागत व्यवसाय, वैज्ञानिक, प्रशासनिक, कला, मनोरञ्जन र अन्य | २९ | २००० | ५८,००० |
| जम्मा | १५९ | | ३५६००० |

***स्रोतः** आर्थिक सर्वेक्षण २०७५, केन्द्रिय तथ्याङ्क विभाग*

**सुधारका पक्षहरूः**

- गाउँपालिकामा सञ्चालित व्यवसायहरूको करको दर वस्तुपरक बनाई आर्थिक ऐनमा उल्लेख गर्ने।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने।
- व्यवसाय कर प्रशासनमा पुरस्कार र दण्ड दुवैको व्यवस्था गर्ने।

### (ङ) जडीवुटी, कबाडी, जीवजन्तु कर

स्थानीय तह सञ्चालन ऐनको दफा ६१ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, प्रचलित कानुन बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरे वापत गाउँपालिकाले जडिवुटी, कबाडी तथा जीवजन्तु कर लगाउने व्यवस्था रहेको छ।

**विद्यमान अवस्थाः**

यस गाउँपालिकाको आर्थिक ऐनको दफा ६ मा नगरपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीवुटी, बनकस, कबाडी माल, र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु बाहेकका मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाख, छाला, तथा अन्य कवाड सिसा आदि अनुसूची ५ बमोजिमको शुल्क लगाईने उल्लेख गरेको छ । तर हालसम्म यस शीर्षकमा राजस्व सङ्कलन भएको कुनै तथ्याङ्क वा अभिलेख भेटिदैन ।

**सम्भावनाः**

यस गाउँपालिकामा पाइने जडीवुटीहरूमा चिराईतो, जटामसी, मजिठो, पाषाणवेद, पदम चाल, टिमुर, अमला, कुरिलो, लौठसल्ला, बोझो, गोकुल धुप आदि प्रमुख रूपमा रहेका छन् । यस क्षेत्रको सामुदायिक वनहरूमा रहेको जडीवुटीको उत्पादनबाट ठूलो राजस्व सङ्कलन हुने सम्भावना रहेको छ । यस गाउँपालिकाको कुल क्षेत्रफलमा सामुदायिक वनले २७२१.०८ हेक्टर क्षेत्रफल ओगटेकोले यहाँका प्रत्येक सामुदायिक वन क्षेत्रमा जडीवुटी खेतीलाई अझ बढी प्रवर्द्धन गरी बजारीकरण गर्न सकिने सम्भावना रहेको पाईन्छ । यस क्षेत्रमा उत्पादन हुने जडीवुटीको तथ्याङ्क अत्यावधिक गरी करको दायरामा लिन सकेको खण्डमा गाउँपालिका क्षेत्रबाट वार्षिक १०,००० किलो जडीवुटी सङ्कलन गर्न सक्ने सम्भावना देखिन्छ । विभिन्न जडीवुटीहरूको निकासी गर्दा औषतमा प्रति किलो रू १५ का दरले कर सङ्कलन गर्दा रू १,५०,००० सङ्कलन हुने सम्भावना देखिन्छ । त्यसैगरी कबाडी मालसामानको निकासी र निषेधित जीवजन्तु बाहेक जीवजन्तुको हाड, सीङ, छाला लगायतका वस्तुहरूको व्यवसायिक उपयोग राजस्व सङ्कलन हुने सम्भावना रहेको पाईन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरूः**

कबाडी, जडिवुटी र जीवजन्तु कर सङ्कलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- गाउँपालिका क्षेत्रमा सङ्कलन तथा व्यवसायिक उपयोग हुने परिमाण सम्बन्धी आवश्यक तथ्याङ्क सङ्कलन गर्ने ।
- जडीवुटीको किसिम अनुसार करको दर निर्धारण गरी आर्थिक ऐनमा उल्लेख गर्ने ।

**(च) विज्ञापन कर**

स्थानीय तह सञ्चालन ऐनको दफा ६४ (१) (ग) मा विज्ञापन करको दर निर्धारण र सङ्कलन गाउँपालिकाले गर्ने व्यवस्था रहेको छ। यस शीर्षक अन्तर्गत सङ्कलित रकमको ४०% प्रदेश संचित कोषमा दाखिला गर्नु पर्दछ ।

**विद्यमान अवस्थाः**

यस गाउँपालिकाको आर्थिक ऐनको दफा ८ मा गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची ७ बमोजिम विज्ञापन करको दर निर्धारण भएको छ । जस अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न

दिने साइन बोर्ड/होडिङ बोर्ड आदिमा विज्ञापन कर लगाउन सक्ने व्यवस्था छ । विज्ञापन कर वापत हालसम्म कुनै राजस्व प्राप्त गरेको अवस्था देखिदैन ।

**सम्भावनाः**

यस गाउँपालिकाको सडक तथा व्यापारिक केन्द्रहरूमा विभिन्न व्यवसायिक निकायहरूको विज्ञापन राखी भविष्यमा यस शीर्षकबाट राम्रो राजस्व सङ्कलन गर्न सक्ने सम्भावना देखिन्छ । यस गाउँपालिकामा सडक र बजारको विकास तथा बिस्तारसँगै विज्ञापन सामाग्रीको वृद्धि हुदै जाने अनुमान गरिएको छ । यस गाउँपालिकाको बजार क्षेत्रमा ५० वटा विज्ञापन बोर्डहरू स्थापना हुने अनुमान अनुसार प्रति बोर्ड रू. ५०० का दरले कर लगाउँदा विज्ञापन कर वापत रू. ५०,००० राजस्व सङ्कलन हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- विज्ञापनका लागि उपयुक्त स्थानहरूको बारेमा तथ्याङ्क सङ्कलन गर्ने ।
- सङ्कलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- न्यूनतम सङ्कलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।

### (छ) साना सवारी कर

स्थानीय तह सञ्चालन ऐनको दफा ६४ (१) (क) मा गाउँपालिकाले टाँगा, रिक्सा, अटो रिक्सा र इ-रिक्साको सवारी करको दर निर्धारण तथा सङ्कलन गरी आफ्नो कोषमा जम्मा गर्न सक्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

यस गाउँपालिकाको आर्थिक ऐन, २०७८ को दफा ६ मा गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची ६ बमोजिम सवारी साधन कर लगाइने व्यवस्था गरेको छ । तर यस गाउँपालिकामा हालसम्म साना सवारी कर शीर्षक अन्तर्गत राजस्व प्राप्त गरेको अवस्था देखिदैन ।

**सम्भावनाः**

यस गाउँपालिकामा हाल साना सवारी करको सङ्कलन सम्भावनाको अवस्था कम देखिन्छ । आगामी वर्षहरूमा सडक कालोपत्रे भएमा मात्र मुख्य बजार केन्द्रहरूमा केही रिक्सा, अटो रिक्सा र ई-रिक्सा सञ्चालन हुने सम्भावना देखिन्छ । साना सवारी साधन सञ्चालन नभएको हुँदा यस सम्बन्धी थप विश्लेषण गरिएको छैन ।

## ३.३.२ गैरकर राजस्व

गाउँपालिकाको आन्तरिक राजस्वको महत्वपूर्ण स्रोत करको अलावा सेवा शुल्क, दस्तुर, बिक्रीबाट प्राप्त आय लगायतको गैरकर राजस्व पनि हो । यस गाउँपालिकामा यस्ता गैर करका स्रोत परिचालनबाट पनि केही राजस्व सङ्कलन गर्न सक्ने देखिन्छ ।

### (क) बिक्रीबाट प्राप्त रकम (प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री)

स्थानीय तह सञ्चालन ऐनको दफा ६२ क मा खानीजन्य तथा प्राकृतिक वस्तुको बिक्री गाउँपालिकाले गर्न सक्ने व्यवस्था रहेको छ । यसमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने र त्यसरी बिक्री गरिएको रकम गाउँपालिकाको सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था गरिएको छ ।

**विद्यमान अवस्थाः**

स्थानीय तह सञ्चालन ऐन, २०७४ संशोधनसँगै यस शीर्षकको राजस्व उठाउन गाउँपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । यस गाउँपालिकामा ढुङ्गा, गिट्टी, बालुवा बिक्रीको राजस्व दर निर्धारण गरेको देखिदैन । वन ऐन, २०७६ ले वन पैदावारको परिभाषा गर्दै वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका काष्ठ पैदावार, गैरकाष्ठ वन पैदावार वा चट्टान, माटो, नदिजन्य र खनिज पदार्थलाई सम्झनु पर्छ भनी व्यवस्था गरेकोले र नेपाल सरकारले गत श्रावणमा जारी गरेको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, व्यवस्थापन तथा बिक्रीसम्बन्धी मापदण्ड, २०७७ ले सार्वजनिक खोलानालाको आफ्नै निर्णयले खानीक्षेत्रको सम्बन्धित निकायबाट अनुमति प्राप्त गरेपछि र वन तथा चुरेक्षेत्रको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, सङ्कलन र बिक्री गर्दा सम्बन्धित निकायको सहमतिमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित विधि अनुसार गर्नुपर्ने उल्लेख गरिएको छ ।

**सम्भावनाः**

यस गाउँपालिकामा हालसम्म ढुङ्गा, गिट्टी, बालुवा बिक्रीको राजस्व दर निर्धारण गरेको र राजस्व सङ्कलन गरेको कुनै अभिलेख देखिदैन । यस गाउँपालिका भएर बाह्रै महिना बहने ठूला नदिहरूमा मैलुङ खोला, चिलिमे खोला, उपल्लो त्रिशुली आदि रहेका छन् । नयाँ बजार केन्द्रहरू विकास हुँदै गइरहेको अवस्था हुनाले निर्माण सामग्रीको माग बढ्न सक्ने सम्भावना देखिन्छ । त्यसैगरी यस गाउँपालिकाको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रममा आयोजनाबाट प्रयोग गरिएका प्राकृतिक स्रोत र नदीजन्य वस्तुको कर उठाउने भनी उल्लेख गरिएको छ । यसर्थ, जसले गर्दा पनि ढुङ्गा, गिट्टी, बालुवा बिक्रीबाट राम्रो राजस्व सङ्कलन गर्न सकिने सम्भावना देखिन्छ । यसर्थ, यस गाउँपालिकाले प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्रीबाट वार्षिक रू. २ लाख ५० हजार राजस्व सङ्कलन हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू :**

- गाउँपालिकाको आर्थिक ऐनमा प्राकृतिक एवं खानीजन्य बस्तुको कर दर निर्धारण गरी सबैलाई करको दायरमा लिने र नियम विपरीत सङ्कलन गर्ने ठेकदारलाई कारबाही, दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।
- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिस गरेका मापदण्डभित्र रहेर मात्र उत्खनन् तथा बिक्री कार्य गर्ने गराउने ।
- ठेक्का नलाग्ने अवस्था भएमा गाउँपालिका आफैले सङ्कलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने ।

- ठेक्का नलागुञ्जेलका लागि गाउँपालिका स्वयम्ले रकम सङ्कलन गर्ने ।
- सङ्कलन कार्यको नियमित रूपमा अनुगमन गरी मापदण्डभित्र मात्र रहेर उत्खनन् भए नभएको सुनिश्चित गर्ने ।

### (ख) बहाल बिटौरी शुल्क

स्थानीय तह सञ्चालन ऐनको दफा ५९ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत बहाल बिटौरी शुल्क लगाउन सक्ने व्यवस्था छ भने दफा ९७ गाउँपालिकाले आफ्नो क्षेत्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रवन्ध गर्नुपर्ने जिम्मेवारी दिएको छ ।

**विद्यमान अवस्थाः**

गाउँपालिकाको आर्थिक ऐन २०७८ को दफा १० मा गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची ९ मा उल्लेख भएअनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिने कानुनी व्यवस्था रहेको छ। यस गाउँपालिकाले आ.व. २०७७/७८ मा यस शीर्षकमा रू ६ हजार राजस्व सङ्कलन गरेको पाईन्छ ।

**सम्भावना :**

बहाल बिटौरी शुल्कको सम्भावना भएका हाट, बजार तथा बाटोको दायाँ बायाँ लगायत अन्य सरकारी जग्गामा बनेका संरचनाहरूको पहिचान गरी यसको सम्भावना पहिचान गर्नुपर्ने देखिन्छ । सार्वजनिक, ऐलानी, पर्ति र सरकारी तथा सामुदायिक जग्गाको स्वामित्व नेपाल सरकारको हुने भएता पनि यसको संरक्षण, मर्मत सम्भार र अन्य प्रबन्ध सम्बन्धित गाउँपालिकाले गर्नुपर्ने भएकोले उक्त गाउँपालिका क्षेत्रभित्रका यस्ता जग्गाहरूको खोजि गरी लगत व्यवस्थापन गर्नुपर्ने र आर्थिक ऐनमा दर निर्धारण गरी सो बमोजिम राजस्व असुली गर्नुपर्ने हुन्छ। यसर्थ, गाउँपालिकाले बहाल बिटौरी हुल्कको क्षेत्रभित्र पर्ने स्थानको पहिचान गरी अभिलेख अध्यावधिक गर्ने हो भने शीर्षकमा रू. २० हजार राजस्व सङ्कलन गर्न सक्ने सम्भावना देखिन्छ।

**सुधारका पक्षहरूः**

- गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक, ऐलानी, पर्ति र सरकारी तथा सामुदायिक जग्गाहरूको खोजी गरी लगत व्यवस्थापन गर्नुपर्ने ।
- गाउँपालिकाले सर्वप्रथम आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको लगत विवरण तयार गर्ने ।
- आय सङ्कलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

### (ग) वन पैदावर बित्तिबाट प्राप्त शुल्क

स्थानीय शासन सञ्चालन ऐन, २०७४ को संशोधन पश्चात् सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्री वापत प्राप्त गर्ने रकमको १० प्रतिशत सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ ।

**विद्यमान अवस्थाः**

यस गाउँपालिकाको कुल क्षेत्रफलमा सामुदायिक वनले २७२१.०८ हेक्टर क्षेत्रफल ओगटेको पाईन्छ। गाउँपालिकाले वन पैदावार निकासी शीर्षकमा प्रति क्यु.फिट/केज रू ५ करको दर निर्धारण गरेको पाईन्छ । यस गाउँपालिकाले हालसम्म वन पैदावर (सामुदायिक वनको) बिक्री वापतको राजस्व प्राप्त गरेको अवस्था देखिदैन ।

**सम्भावनाः**

यस गाउँपालिकाले वन पैदावर (सामुदायिक वनको) बिक्रीबाट प्रशस्त राजस्व सङ्कलन गर्ने सम्भावना रहेको देखिन्छ । गाउँपालिकाको २७२१.०८ हेक्टर क्षेत्रफल सामुदायिक वनले ओगटेको छ । साथै वन ऐन, २०७६ ले वन पैदावारको परिभाषामा वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका काष्ठ पैदावार, गैरकाष्ठ वन पैदावार वा चट्टान, माटो, नदिजन्य र खनिज पदार्थलाई सम्झनु पर्दछ भनी व्याख्या गरेको पाईन्छ । यसले पनि वन पैदावारको बिक्रीबाट हुने राजस्व झनै बढ्ने सम्भावना देखिन्छ । यस गाउँपालिकामा रहेका सामुदायिक वन तथा वन पैदावर सम्बन्धी अभिलेख अध्यावधिक गरी गर्ने हो भने यस वापत रू. १ लाख राजस्व सङ्कलन हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- गाउँपालिकामा रहेका सामुदायीक वन तथा वन पैदावरसम्बन्धी अभिलेख अध्यावधिक गर्ने ।
- सामुदायिक वन पैदावर बिक्री तथा उपयोगसम्बन्धी वार्षिक कार्ययोजना गाउँपालिकाले स्वीकृत गर्ने ।
- आय सङ्कलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

**(घ) पार्किङ शुल्क**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६० अनुसार गाउँपालिकाको आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाउन सक्ने कानुनी व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

यस गाउँपालिकाको आर्थिक ऐन, २०७८ को दफा ११ मा गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत आसूची १० बमोजिम पार्किङ शुल्क लगाउने व्यवस्था गरेको छ । यस गाउँपालिकाले यस शीर्षकमा पार्किङ स्वरूप ठूला सवारी साधनको प्रतिदिन रू १०० र साना सवारी साधन (चारपाङ्ग्रे) को प्रतिदिन रू. ५० सवारी कर निर्धारण गरी आ. ब. २०७५/७६ मा जम्मा १ लाख ५० हजार राजस्व सङ्कलन गर्ने अनुमान गरेको थियो । तर पार्किङ शीर्षक अन्तर्गत छुट्टै राजस्व सङ्कलन गरेको तथ्याङ्क देखिदैन ।

**सम्भावनाः**

यस गाउँपालिकामा आवतजावत गर्ने सवारी साधनको तथ्याङ्क अध्यावधिक गरी गाउँपालिकाले निर्धारण गरेकै कर अनुसार वार्षिक १५०० वटा ठूला र १५०० वटा साना सवारी साधनबाट पार्किङ सेवा वापत शुल्क उठाउँदा रू. २ लाख २५ हजार राजस्व सङ्कलन हुने अनुमान गरिएको छ ।

**सुधार गर्नुपर्ने पक्षहरूः**

- यस गाउँपालिकाको स्वामित्वमा रहेका जग्गामा पार्किङका लागि संरचना निर्माण गर्ने ।
- पार्किङ शुल्क असुली विधि छनोट र कार्यान्वयन गर्ने ।

### (ङ) दर्ता तथा अनुमति दस्तुर

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ञ (६) मा स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति तथा नवीकरण लगायतको अधिकार स्थानीय तहलाई रहेको छ । यसरी व्यवसाय दर्ता, अनुमति तथा नवीकरण गर्दा गाउँपालिकालाई शुल्क प्राप्त गर्न सकिन्छ ।

**विद्यमान अवस्थाः**

यस गाउँपालिकाको आर्थिक ऐनमादर्ता, अनुमति, नवीकरण लगायतका शीर्षकमा आय सङ्कलनका लागि दर निर्धारण गरेको देखिन्छ । स्थानीय तहले एफ.एम. रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधी पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि दर्ता, अनुमति तथा नविकरण वापत दस्तुर सङ्कलन गर्न सक्ने व्यवस्था रहेको छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन हुने व्यापारिक फर्महरूको इजाजत दर्ता वापत रू. ५०००, नविकरण वापत रू. ३०००, रेडियो सञ्चालन अनुमति शुल्क वापत रू. २०००, रेडियो सञ्चालन नविकरण वापत रू. १००० र खानीजन्य वस्तु उपयोग दर्ता, अनुमति, नविकरण वापत रू १००० करको दर निर्धारण गरेको पाईन्छ ।

**सम्भावनाः**

यस गाउँपालिकामा व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरणबाट राजस्व सङ्कलनको सम्भावना रहेको देखिन्छ । हालसम्म यस शीर्षकमा राजस्वको दर निर्धारण गरेको पाइदैन । गाउँपालिकाले व्यापारिक फर्महरूको तथ्याङ्क अध्यावधिक गर्ने र सञ्चालनमा रहेका र नयाँ सञ्चालनमा आउन चाहने फर्महरूलाई इजाजत, अनुमति र नविकरणमा कडाई गर्ने नीति लिने हो भने यस शीर्षकबाट १ लाख ५० हजार राजस्व सङ्कलन हुने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- व्यापारिक फर्म दर्ता तथा अनुमतीका लागि छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- नयाँ व्यवसाय वा कारोवार सञ्चालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- अनुमति नलिई सञ्चालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।

### (च) नक्सा पास दस्तुर

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा २७ मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने कुरा उल्लेख गर्दै दफा ३३ (४) मा भवन निर्माण गर्ने अनुमति दिँदा लाग्ने दस्तुर गाउँपालिकाले तोके बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

यस गाउँपालिकाले नक्सापास दस्तुर शीर्षकमा दर निर्धारण गरेको भएता पनि कार्यान्वयन भएको देखिदैन । गाउँपालिकाको आर्थिक ऐनमा नै नक्सापास सम्बन्धी व्यवस्था गर्नुपर्ने देखिन्छ । गाउँपालिकाले नक्सापास वापत प्रतिवर्ग फिट र सेवा शुल्क वापत प्रति नक्सा रू. ३ निर्धारण गरेको पाईन्छ । गाउँपालिकाले यस शीर्षक वापत आ.व. २०७५/७६ मा रू. १ लाख ६० हजार राजस्व अनुमान गरेको देखिन्छ । तरपनि गाउँपालिकाले हालसम्म नक्सापास दस्तुरमा राजस्व सङ्कलन गरेको देखिदैन ।

**सम्भावनाः**

यस गाउँपालिकाभित्र नयाँ निर्माण हुने सबै घरहरूको विद्यमान कानुनी व्यवस्था अनुसार नक्सापास र पहिल्यै निर्माण भइसकेका घरहरूको हकमा आर्थिक ऐनमा व्यवस्था गरी अभिलेखीकरण गर्नु आवश्यक हुन्छ । गाउँपालिका क्षेत्रभित्र निर्माण हुने भवन तथा संरचनालाई नक्सापास अनिवार्य गरी भवनको प्रकृति अनुसार नक्सापास दस्तुर निर्धारण गरी प्रभावकारी कार्यान्वयन गर्न सकेमा यस शीर्षकमा रू. ३ लाख राजस्व सङ्कलन हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरू**

- गाउँपालिकाको आर्थिक ऐनमा नै नक्सापास सम्बन्धी व्यवस्था गर्नुपर्ने ।
- नक्सापास प्रक्रियाले भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी रूपमा कार्यान्वयनमा लैजाने ।
- नक्सापाससम्बन्धी छुट्टै मापदण्ड बनाई सोही अनुसार नक्सापासको प्रावधान लागू गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकुल परिमार्जन गर्दै जाने ।

## (छ) सिफारिस तथा प्रमाणित दस्तुर :

स्थानीय तह सञ्चालन ऐनको दफा ११ (२) घ (७) मा गाउँपालिकाले प्रचलित कानुन बमोजिम गर्ने सिफारिस तथा दफा १२ (ङ) मा वडाबाट सिफारिस तथा प्रमाणित गर्ने ३६ वटा विषयहरू उल्लेख भएका छन् । यी सिफारिस तथा प्रमाणित गरे वापत गाउँपालिकाले दस्तुर प्राप्त गर्न सक्ने व्यवस्था छ ।

**विद्यमान अवस्थाः**

यस गाउँपालिकामा विभिन्न किसिमका सिफारिस तथा प्रमाणित दस्तुरको दर निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट सङ्कलन गर्ने व्यवस्था रहेको छ । तर गाउँपालिकाको आर्थिक ऐनमा सिफारिस तथा प्रमाणित दस्तुर सम्बन्धी छुट्टै दफा नभएकोले आर्थिक ऐनमा नै छुट्टै दफाको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

यस शीर्षक अन्तर्गत व्यक्तिगत रूपमा गरिने सामान्य सिफारिस प्रति पटक रू. १०० देखि रू. ५००, अन्य सिफारिस/संस्थागत सिफारिस प्रति पटक रू. १५००, उद्योग दर्ता सिफारिस प्रति पटक रू. २०००, चार किल्ला प्रमाणित प्रति कित्ता रू. ७००, नाता प्रमाणित प्रति पटक रू. २०० सेवा शुल्क तोकेको छ । यस गाउँपालिकाले आ.व. २०७७/७८ मा ८७५ वटा विभिन्न किसिमका सिफारिस तथा प्रमाणित गरेको पाईन्छ ।

**सम्भावना :**

यस गाउँपालिकाले सिफारिस तथा प्रमाणित दस्तुर शीर्षकमा कुनै राजस्व सङ्कलन गरेको अभिलेख प्राप्त नभएपनि सिफारिस वा प्रमाणित गाउँपालिकाको नियमित र निरन्तर कार्य भएकाले यो आम्दानीको एक नियमित स्रोत हुने सम्भावना देखिन्छ । सिफारिस तथा प्रमाणित दस्तुरबाट के कति आम्दानी भयो भन्ने तथ्याङ्क उपलब्ध नहुँदा यस शीर्षकमा के कति आम्दानी हुन सक्छ भन्ने अनुमान गर्न कठिन छ । यस गाउँपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरूबाट वार्षिक करिब १५०० वटा विभिन्न किसिमका सिफारिस तथा प्रमाणित हुने अनुमान गर्दा वर्तमान दरअनुसार प्रति सिफारिस वा प्रमाणित औसत रू ३०० भएमा वार्षिक सिफारिस तथा प्रमाणितबाट रू ४ लाख ५० हजार राजस्व सङ्कलन हुने सम्भावना रहेको देखिन्छ ।

**सुधारका पक्षहरू :**

- गाउँपालिकाको आर्थिक ऐनमा सिफारिस तथा प्रमाणित दस्तुर सम्बन्धी छुट्टै दफाको व्यवस्था गर्नुपर्ने ।
- शीर्षक अनुसार सिफारिस तथा दस्तुरहरूको छुट्टाछुट्टै अभिलेख राख्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिस वा प्रमाणित नगर्ने ।
- वडाबाट सङ्कलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने ।

## (ज) पर्यटन शुल्क

स्थानीय तह सञ्चालन ऐनको दफा ६२ (१) मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ, कायाकिङ, बञ्जीजम्प, जिपफ्लायर, ऱ्याफ्टिङ, प्याराग्लाइडिङ लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहशिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :**

यस गाउँपालिकाको आर्थिक ऐनको दफा १४ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लिने व्यवस्था गरेको छ । यस गाउँपालिकामा आन्तरिक तथा बाह्य पर्यटकीय सम्भावना बोकेका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरूमा छामकाङ भ्यू प्वाइन्ट, पार्वतीकुण्ड, सोमदाङ, तातोपानी, नागथली र तामाङ सम्पदा मार्ग आदि रहेका छन् । गाउँपालिकाको पार्श्वचित्र अनुसार मासिक औषतमा २००० पर्यटकहरू आउने गरेको पाईन्छ । यस गाउँपालिकाले पर्यटन शुल्क शीर्षकमा राजस्व सङ्कलन गरेको देखिदैन ।

**सम्भावना :**

यस गाउँपालिका धार्मिक तथा पर्यटकीय दृष्टिकोणबाट धनी नै मानिन्छ । यस गाउँपालिकामा आन्तरिक तथा बाह्य पर्यटकीय सम्भावना बोकेका धार्मिक तथा सांस्कृतिक स्थलहरूमा छामकाङ भ्यू प्वाइन्ट, पार्वतीकुण्ड, सोमदाङ, तातोपानी, नागथली र तामाङ सम्पदा मार्ग आदि रहेका छन् । त्यस्तै घले दरबार, जागेश्वर कुण्ड, नोजे कुण्ड, गोप्यो कुण्ड र साङ्जेन खर्क सम्भावित पर्यटकीय क्षेत्र हुन् । गाउँपालिकाको पार्श्वचित्र अनुसार मासिक औषतमा २००० पर्यटकहरू आउने गरेको पाईन्छ । यदि यस गाउँपालिकामा रहेका पार्वतीकुण्ड, छाङकाङ छामकाङ र बोङ्जो डाँडा पार्क लगायतका उद्यान तथा पिकनिक स्पटलाई व्यवस्थित गरी प्रवेश शुल्क सङ्कलन गर्न सकिने सम्भावना देखिन्छ । यसो गरेको खण्डमा यस क्षेत्रमा वार्षिक करिब ५० वटा

समूहहरू पिकनिकका लागि आउने र प्रति समूह रू. १००० का दरले सङ्कलन गरेमा जम्मा रू. ५० हजार र गाउँपालिकाको तथ्याङ्कलाई आधारमानी विश्लेषण गर्दा वार्षिक १५००० पर्यटकबाट प्रति व्यक्ति रू. २० का दरले रू. ३ लाख ५० हजार गरी वार्षिक रू ४ लाख राजस्व सङ्कलन हुनसक्ने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- पिकनिक स्पटका लागि सम्भाव्यता अध्ययन गरी पुर्वाधार विकास गर्ने ।
- पर्यटकीय सम्भावना भएका प्रमुख सार्वजनिक स्थलहरू पहिचान तथा सम्भाव्यता अध्ययन गरी गाउँपालिकाको दिर्घकालिन आय आर्जन हुने संरचना विकास गर्ने ।

### (झ) व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्क

स्थानीय तह सञ्चालन ऐनको दफा ११ (२) च (३) मा गाउँपालिकाले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, वसाई सराई दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन पर्दछ । त्यसैगरी राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन २०७६ को दफा १७ (२) अनुसार गाउँपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रूपमा कामकाज गर्ने अधिकार प्राप्त कर्मचारीले स्थानीय पञ्जिकाधिकारीको रूपमा कार्य गर्नुपर्ने व्यवस्था छ । सो ऐनको दफा १९ (३) मा घटना घटेको ३५ दिनभन्दा पछि पञ्जीकरणका लागि आएमा तोकिए वमोजिम बिलम्ब शुल्क लिने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :**

यस गाउँपालिकाले व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्क वापतको करको दर निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडाबाट राजस्व सङ्कलन हुदैं आएको छ। गाउँपालिकाले व्यक्तिगत घटना (बिलम्ब) दर्ता वापत प्रति घटना दर्ता रू. १०० र बसाईसराई दर्ता वापत रू. १००० करको दर कायम गरेको छ । यस शीर्षकबाट आ.व. २०७७/०७८ मा यस गाउँपालिकाले रू. ५४ हजार ९ सय १० रूपैया राजस्व सङ्कलन गरेको देखिन्छ ।

**सम्भावना :**

व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्क वापतको राजस्व गाउँपालिकाको नियमित आय हुने शीर्षक अन्तर्गत पर्दछ । विगत वर्षहरूको तथ्याङ्कको आधारमा करिव ३०० व्यक्तिगत घटना (बिलम्ब) दर्ता र १० वटा बसाइसराई दर्ता हुने अनुमान गर्दा तोकिएको दरमा कुल रू. ४० हजार राजस्व सङ्कलन हुने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्कबाट प्राप्त आयको उचित रूपमा लेखा राख्ने ।
- विपन्न तथा सिमान्तकृत समुदायलाई बिलम्ब शुल्कमा विशेष व्यवस्था गर्ने ।

### (ञ) सेवा शुल्क, (फोहरमैला व्यवस्थापन शुल्क, स्थानीय पूर्वाधार उपयोग शुल्क, एम्बुलेन्स सेवा शुल्क, अन्य सेवा शुल्क)

स्थानीय तह सञ्चालन ऐनको दफा ६२ (२) मा गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको (यस उपदफाको (क) देखि

(च) सम्मका) कुनै सेवा उपयोग गरे वापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकासजस्ता सेवा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको अवस्थामा सेवा शुल्क लिन सकिने कानुनी व्यवस्था छ । गाउँपालिकाले सेवा शुल्क वापतका विभिन्न शीर्षकमा कर निर्धारण गरेको र यस शीर्षकबाट आ.व. २०७६/०७७ मा यस गाउँपालिकाले रू. १ लाख ३ हजार ४ सय ६० रूपैयार आ.व. २०७७/०७८ मा रू. ११ लाख ५६ हजार ७ सय ८३ रूपैया राजस्व सङ्कलन गरेको देखिन्छ ।

**सम्भावना :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रदान गरेका सेवाहरू (पशुपन्छी तथा बोका सरसफाई सेवा, पशु पन्छी स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई उपभोक्ता समिति शुल्क, गाउँपालिकाले निर्माण गरेको भौतिक पूर्वाधार उपयोग शुल्क आदि) बाट सेवा शुल्क आय गर्ने तथा सेवाहरू थप गर्दै सेवा शुल्कमा वृद्धि हुने सम्भावना देखिन्छ । सेवा शुल्क सेवा दिए वापत लिइने भएकाले स्थानीय वासिन्दा सेवा लिएर शुल्क दिन तत्पर हुने भएकोले यस शीर्षकमा गाउँपालिकाले रू. २ लाख ४० हजार सङ्कलन गर्ने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- गाउँपालिकाको स्वामित्वमा रहेका मेशिन आदिहरू को मर्मत स्याहार गरी सञ्चालन गर्ने ।
- विभिन्न किसिमका सेवा बापत लिने शुल्कको दर आर्थिक ऐनमा व्यवस्था गर्ने ।
- भौतिक सम्पत्तिहरूको तथ्याङ्क तथा अभिलेख प्रक्रियालाई व्यवस्थित गर्ने ।

# परिच्छेद चारः आय सङ्कलनको संस्थागत क्षमता तथा अवस्था

यस परिच्छेदमा गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय सङ्कलनको अवस्थालाई मुख्य रूपमा व्याख्या गरिएको छ । यस विश्लेषणबाट गाउँपालिकाको थप आय सङ्कलनको लागि तथा संस्थागत क्षमतामा सुधार गर्नका लागि आवश्यक सहयोग पुग्ने देखिन्छ ।

## ४.१ राजस्व परिचालनसम्बन्धी नीति

### ४.१.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण

यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका क्रममा गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरूसँग कार्ययोजना निर्माणको प्राविधिक सहयोग परामर्शदाताबाट खटिएका टोली बिच स्थलगत अध्ययनको समयमा यस गाउँपालिकाको राजस्व परिचालन सम्बन्धी नीतिका विषयमा भएको छलफल तथा अन्तर्क्रिया गरी राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषणलाई तालिका ७ मा देखाइएको छ ।

तालिका ७: राजस्व परिचालनको संस्थागत तथा नीतिगत विश्लेषण

| नीति निर्धारणका क्षेत्रहरू | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरू |
|---|---|---|
| **क) सङ्गठनात्मक व्यवस्था** | | |
| राजस्व शाखाको व्यवस्था सङ्गठन संरचनामा छ की छैन ? | छ | व्यवस्थित गर्नुपर्ने । |
| राजस्व शाखामा कुन तहका कति दरवन्दी छन् ? र हालको पदपूर्तिको अवस्था कस्तो छ ? | पाचौं तह १ जना (राजस्व शाखा खाली) | कर्मचारीको दरबन्दी बढाउनु पर्ने । |
| राजस्व शाखाले गर्ने कामका लागि कार्यविवरण छ कि छैन ? | छ | कार्य विवरणमा थप सुधार गर्नुपर्ने । |
| कर्मचारीहरूलाई उनीहरूको जिम्मेवारी स्पष्ट र लिखित रूपमा दिइएको छ छैन ? | छ | प्रभावकारी कार्यान्वयनका गर्नुपर्ने । |
| कर्मचारीहरूलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द आदिको व्यवस्था कस्तो छ ? | पर्याप्त नभएको | आवश्यकता अनुसार व्यवस्था गर्नुपर्ने । |
| सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ ? (सफ्टवेयर, एस.एम.एस, इमेल, टेलिफोन आदि) | सामान्य | |
| कर्मचारीको राजस्व परिचालन सम्बन्धी क्षमता विकासको लागि के गरिएको छ ? | केही गरिएको छैन | कर्मचारीको क्षमता विकासको तालिमको व्यवस्था गर्नुपर्ने । |
| राजस्व परिचालनका लागि वडा लाई दिईएको जिम्मेवारी के छ? | सिफारिस तथा मालपोत | |

| नीति निर्धारणका क्षेत्रहरू | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरू |
|---|---|---|
| **ख) राजस्व प्रशासन सञ्चालनको अवस्था** | | |
| करदाताहरूको नाम तथा कर लाग्ने आधारको अभिलेख व्यवस्था कस्तो छ ? कर अभिलेख आवश्यक पर्ने स्रोतहरू – सम्पत्ति, व्यवसाय, सवारी साधन, विज्ञापन, बहाल आदि | सामान्य रहेको | सफ्टवेयर प्रणाली मार्फत अभिलेखलाई थप व्यवस्थित गर्नुपर्ने । |
| गाँउ/नगरपालिकाको स्वामित्वमा रहेका स्थायी सम्पत्तिहरूको विवरण तथा सोको परिचालन कस्तो छ ? | गाउँपालिकाले मात्र प्रयोग गरेको | |
| कर निर्धारणको लागि सम्पत्ति वा आय वा खर्च वा कारोवारको मूल्याङ्कन कत्तिको सही रूपमा भएको छ ? मूल्याङ्कन अनुसार कर निर्धारण भएको छ छैन ? | छैन | |
| चुहावट हुन सक्ने सम्भावनाहरू के के छन् र तिनको नियन्त्रणको लागि कस्तो नीति लिइएको छ ? | दायरा समेट्न नसकेको | चुहावट हुन सक्ने सम्भावनाको पहिचान गरी नियन्त्रणको नीतिलाई कडाई गर्नुपर्ने |
| व्यवस्थाको बर्खिलाफ गरेमा दण्डको व्यवस्था कस्तो छ ? | दण्डको व्यवस्था भएको | आर्थिक ऐनमा नै दण्डको व्यवस्था गर्नुपर्ने । |
| समयमा तिर्नेलाई छुट र ढिलो बुझाएमा जरीवाना लाग्ने व्यवस्था सबै आय स्रोतहरूमा कसरी लागू गरिएको छ ? | छ | आर्थिक ऐनमा नै व्यवस्था गर्नुपर्ने । |
| करदाताहरूलाई उनीहरूले तिर्नुपर्ने कर रकम बारे अग्रिम जानकारी गराउने व्यवस्था के छ र कत्तिको प्रभावकारी छ ? | छ | राजस्व सम्बन्धी जनजागरण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने । |
| गाँउ/नगरपालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा गुनासो वा उजुरी गर्नेसक्ने व्यवस्था केकस्तो छ ? | गुनासो सुन्ने अधिकारीको व्यवस्था | |
| राजस्व शाखाको कार्य प्रक्रिया, चुहावट नियन्त्रणको प्रयास, लक्ष तथा असुली अवस्थाको अनुगनमनको व्यवस्था के छ ? | प्रशासकीय प्रमुखबाट समय समयमा गरिने | प्रशासकीय प्रमुख तथा राजस्व परामर्स समितिद्वारा अनुगमन गर्ने व्यवस्था मिलाउने । |
| सार्वजनिक निजी साझेदारी अवधारणाको कार्यान्वयनको अवस्था कस्तो छ ? | छ | प्रभावकारी कार्यान्वयन गर्नुपर्ने । |

| नीति निर्धारणका क्षेत्रहरू | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरू |
|---|---|---|
| **ग) सूचना तथा समन्वयको अवस्था** | | |
| करदाताहरूलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिन के कस्तो कार्य गरिएको छ ? (शिक्षामूलक कार्यक्रम, प्रचार प्रसार, होर्डिङ्ग वोर्ड, बेव साइट आदि) | शिक्षामूलक कार्यक्रम गरेर | राजस्वसम्बन्धी जनजागरण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने । |
| करको दर निर्धारण तथा समीक्षामा सरोकार पक्षहरूको सहभागिता कस्तो छ ? | बोलाउने गरेको | |
| राजस्व परामर्श समिति तथा अन्य समितिहरूको प्रभावकारिता कस्तो छ ? (बैठक सङ्ख्या, निर्णयहरू आदि) | आवश्यकता अनुसार बस्ने गरेको | राजस्व परामर्स समितिको बैठक नियमित रूपमा बस्नुपर्ने । |
| राजस्व असुलीमा सरोकार पक्षहरूको सकारात्मक सहभागिताको अवस्था कस्तो छ ? | सामान्य | |
| राजस्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ ? | सामान्य रहेको | सङ्गठन संरचनामा नै राजस्व शाखालाई छुट्टै व्यवस्था गरी आवश्यक दरबन्दीको व्यवस्था गर्नुपर्ने । |
| आयका स्रोतहरूको अभिलेख व्यवस्था कस्तो छ ? | सामान्य अवस्थामा रहेको | सफ्टवेयर प्रणाली मार्फत व्यवस्थित गर्नुपर्ने । |
| गाँउपालिकाको आयको आय विवरण सार्वजनिक हुने गरेको छ छैन? | छ | |
| आयको आलेप तथा मलेप हुने गरको छ छैन ? छ भने आएका बेरूजुहरू कसरी सम्बोधन भएका छन् ? | आयको आलेप तथा मलेप हुने गरको | शुन्य बेरूजुको अवधारणा अवलम्बन गर्नुपर्ने । |

## ४.२ आय सङ्कलनको संस्थागत क्षमता

आन्तरिक राजस्वलाई प्रभावकारी रूपमा सङ्कलन गर्ने भूमिका राजस्व प्रशासनको भएकाले राजस्व सङ्कलनका लागि गाउँपालिकाको संस्थागत अवस्था र क्षमताका विषयमा विश्लेषण गरिएको छ ।

### ४.२.१ स्थानीय राजस्व परामर्श समिति

स्थानीय तह सञ्चालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ । यस समितिले राजस्व सम्बन्धी नीति तथा कानुन तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजस्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजस्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर

आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरू गर्दछ। यस गाउँपालिकाको स्थानीय राजस्व परामर्श समिति तालिका ८ मा देखाइएको छ।

तालिका ८: राजस्व परामर्श समिति

| क्र.सं. | नम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री नविना तामाङ | उपाध्यक्ष | संयोजक |
| २ | श्री छेवार तामाङ | वडा अध्यक्ष | सदस्य |
| ३ | श्री सोनाम तामाङ | कार्यपालिका सदस्य | सदस्य |
| ४ | श्री प्रभुनारायण चौधरी | लेखा | सदस्य |
| ५ | श्री प्रेम बहादुर घले | पाँचौ तह | सदस्य सचिव |

यस गाउँपालिकाको राजस्व परिचालनमा प्रभावकारिता ल्याउनका लागि गाउँपालिका उपाध्यक्ष श्री नविना तामाङको संयोजकत्वमा राजस्व परामर्श समितिको बैठक बसी आवश्यक निर्णयहरू हुने गरेको देखिन्छ। राजस्व परामर्श समितिको बैठकमा सरोकारवाला पक्षको सहभागिता हुन सकेको देखिदैन। साथै राजस्व परामर्श समितिका सदस्यहरूलाई राजस्वका स्रोतगत आधारमा वस्तुपरक अनुमान गर्ने, स्रोतहरू पहिचान गर्ने र राजस्व नीतिको प्रभावकारी कार्यन्वयन गर्ने सम्बन्धमा क्षमता विकास गर्न आवश्यक देखिन्छ।

### ४.२.२ राजस्व शाखा तथा राजस्व प्रशासन

यस गाउँपालिकाको सङ्गठन संरचनामा राजस्व प्रशासन शाखाको व्यवस्था गरिएको छ। हाल यस शाखामा एकजना पाँचौ तहको कर्मचारीबाट राजस्व प्रशासनसम्बन्धी कामकाज हुदै आएको छ। कार्यकक्ष तथा कार्यस्थल, फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरूको पर्याप्तता छैन। यस शाखामा पर्याप्त सङ्ख्यामा आवश्यक कर्मचारी तथा सफ्टवेयरको व्यवस्था भएको देखिदैन।

## ४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन

गाउँपालिकालाई आन्तरिक आय परिचालनसम्बन्धी प्राप्त कानुनी अधिकार अनुसार आन्तरिक आय परिचालनको अवस्थालाई यहाँ विश्लेषण गरिएको छ। यस गाउँपालिकामा सम्भावना भएका आन्तरिक आयका शीर्षकहरूको सम्भाव्यता, दरको निर्धारण तथा सङ्कलनको अवस्थालाई तालिका नं. ९ मा प्रस्तुत गरिएको छ।

तालिका ९: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

| क्र. सं. | आयका शीर्षक | सम्भावनाको विवरण | दर निर्धारणको अवस्था | सङ्कलन भए/नभएको |
|---|---|---|---|---|
| (क) कर तर्फ | | | | |
| १ | भूमि कर (मालपोत) | भएको | भएको | भएको |
| २ | सम्पत्ति कर | भएको | भएको | भएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | नभएको | नभएको | नभएको |
| ४ | घर जग्गा बहाल कर | भएको | भएको | भएको |
| ५ | व्यवसाय कर | भएको | भएको | भएको |

| क्र. सं. | आयका शीर्षक | सम्भावनाको विवरण | दर निर्धारणको अवस्था | सङ्कलन भए/नभएको |
|---|---|---|---|---|
| ६ | जडीबुटी, कबाडी र जीवजन्तु कर | भएको | भएको | भएको |
| ७ | विज्ञापन कर | भएको | नभएको | नभएको |
| ८ | मनोरञ्जन कर | भएको | नभएको | नभएको |
| **(ख) अन्य राजस्व** | | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री | नभएको | नभएको | नभएको |
| २ | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | भएको | भएको | नभएको |
| ३ | वन पैदावर (सामुदायिक वनको) बिक्री वापतको आय | भएको | भएको | नभएको |
| ४ | नक्सापास दस्तुर | भएको | भएको | भएको |
| ५ | व्यक्तिगत घटना बिलम्ब दर्ता शुल्क | भएको | भएको | भएको |
| ६ | बहाल बिटौरी शुल्क | भएको | भएको | नभएको |
| ७ | पार्किङ्ग शुल्क | नभएको | नभएको | नभएको |
| ८ | अस्पताल सञ्चालन | भएको | नभएको | नभएको |
| ९ | फोहरमैला व्यवस्थापन शुल्क | भएको | नभएको | नभएको |
| १० | स्थानीय खानेपानी महसुल | भएको | नभएको | नभएको |
| ११ | स्थानीय विद्युत् महसुल | सम्भावना भएको | भएको | भएको |
| १२ | केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, वन्जिजम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क | भएको | भएको | सङ्कलन नभएको |
| | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक बत्ती, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोवीघाट, सडक, बसपार्क, पुल आदि) | भएको | भएको | नभएको |
| १३ | मूल्याङ्कन सेवा शुल्क | भएको | नभएको | नभएको |
| १४ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर सम्भावना नभएको (एफ.एम. रेडियो सञ्चालन, घ वर्गको निर्माण | भएको | भएको | भएको |

| क्र. सं. | आयका शीर्षक | सम्भावनाको विवरण | दर निर्धारणको अवस्था | सङ्कलन भए/नभएको |
|---|---|---|---|---|
| | इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म) | | | |
| १५ | ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | भएको | भएको | भएको |
| १६ | वडा मार्फत् गरिने सिफारिस तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| १७ | दण्ड जरिवाना | भएको | भएको | भएको |

## ४.४ विगतको राजस्व सङ्कलनको अवस्था

यस गाउँपालिकाले स्थानीय तह सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार बमोजिमका क्षेत्रहरूमा गाउँपालिकाको आर्थिक ऐनमा भएको व्यवस्था तथा राजस्व परामर्श समितिको सिफारिसमा आन्तरिक राजस्वका विभिन्न शीर्षकहरूमा करको दर निर्धारण गरी कार्यान्वयनमा ल्याएको छ। यस गाउँपालिकाको विगत ३ वर्षको आय विवरणलाई तालिका नं. १० मा प्रस्तुत गरिएको छ।

तालिका १०: विगत ३ वर्षको आय विवरण

| राजस्व शीर्षक | यथार्थ आय (आ.व. २०७६/०७७) | यथार्थ आय (आ.व. २०७७/०७८) | अनुमानित आय (आ.व. २०७८/०७९) |
|---|---|---|---|
| **आन्तरिक स्रोत** | २००१५३७ | १६६५३५७ | १३९३३३७ |
| बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | | २४४०९३६६ | २२१०६००० |
| बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | | ६९३७४४७ | २२१०६००० |
| बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | | ६३६६९९४ | १०४४९८८३ |
| समानिकरण अनुदान | ७७४६५००० | ७७०८३००० | ७४७८०००० |
| शसर्त अनुदान | ८१३०८००० | ११०३३३६१० | १०४३००००० |
| विशेष अनुदान | | ४५००००० | ३०००००० |
| समपूरक अनुदान | | १०००००००० | २०४००००० |
| शसर्त पुँजीगत अनुदान | | | ५५००००० |
| विशेष पुँजीगत अनुदान | | | ४२००००० |
| सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | २००८१३० | ३२३२६८६ | ३३०५६९७ |
| राजस्व बाँडफाँडबाट प्राप्त आय | ३११४८४३० | ५९००४६६४ | ६५५०२८५७ |
| जलस्रोत रोयल्टी | १४९००२२० | २१२९०८५७ | २१२९०८५७ |
| अन्य राजस्व (विविध आय) | | ३३६०२५ | ३३९२२९ |
| जनशहभागिता | | ० | ० |
| **जम्मा** | **२०८८३१३१७** | **३२५१६०००६** | **३५८६७३८६०** |

*स्रोतः गाउँपालिकाको एकिकृत वित्तिय विवरण*

## ४.५ राजस्व परिचालनमा रहेका सबालहरू

संविधान तथा कानुन प्रदत्त वित्तीय अधिकार बमोजिम गाउँपालिकाको राजस्व परिचालनमा सुधार ल्याउनका लागि योजनाबद्ध प्रयास अपरिहार्य देखिन्छ । राजस्व परिचालनका मुख्य सबालहरू, नीतिगत व्यवस्था, कर प्रशासन, दर निधारण, करको दायरा आदि रहेका छन् । यस गाउँपालिकाले सम्वोधन गर्नुपर्ने राजस्व परिचालनका प्रमुख सबालहरूलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### (क) राजस्व प्रशासनका लागि उपयुक्त सङ्गठन निर्माण तथा क्षमता विकास

गाउँपालिकामा राजस्व सम्बन्धी कार्य गर्न गाउँसभाले सङ्गठन संरचनामा सुधार गरी कार्यबोझका आधारमा शाखा, उपशाखा तथा इकाइहरूको लागि आवश्यक कर्मचारीको व्यवस्था गर्नुपर्ने देखिन्छ । साथै, जिम्मेवारीअनुसार कर्मचारीको दक्षता अभिवृद्धिका आवश्यक क्षमता विकासका तालिम उपलब्ध गराउँदै लैजानु पर्ने देखिन्छ ।

### (ख) आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

गाउँपालिकाले आय परिचालनसम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूबाट आय सङ्कलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तु समेटिएको कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्ने देखिन्छ। हाल कुन कुन शीर्षकमा के कति राजस्व सङ्कलन भइरहेको छ भन्ने अस्पषटताको अवस्था अन्त्य गरी शीर्षकगत रूपमा आय स्पष्ट हुने गरी लेखा राख्नु पर्ने देखिन्छ ।

### ग) आर्थिक ऐनमा सुधार

गाउँपालिकको आर्थिक ऐन भएपनि ऐनलाई सुधार गरी व्यवहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ। किनभने आर्थिक ऐनमा सवारी करको व्यवस्था गरिएको छ तर प्रचलित सङ्घीय कानुनी व्यवस्था अनुरूप यो कर सबै सवारी साधनमा लिन नपाइने व्यवस्था छ। यसैगरी गाउँपालिकाको यन्त्रउपकरण जस्ता भौतिक सम्पत्तिको भाडा दर ऐनमा उल्लेख नभएको हुँदा यिनीहरूलाई ऐनमा समावेश गर्नुपर्ने देखिन्छ । परिवर्तित व्यवस्था अनुसार सबैजग्गा जमीनमा सम्पत्ति कर लगाउन नपाइने भएकाले सम्पत्ति कर लगाउन आर्थिक ऐनलाई सोहीअनुसार परिमार्जन गर्नुपर्नेछ।

### (घ) राजस्वका दर निर्धारण तथा प्रचार प्रसार

गाउँपालिकाले हालको कानुनी व्यवस्थाअनुसार राजस्व सङ्कलनका लागि पहिचान भएका क्षेत्रहरूको राजस्व उठाउने र सम्भाव्य क्षेत्र पहिचान गर्ने तथा करको दर निर्धारण गरी समुदायस्तरमा त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । त्यसैगरी करदातालाई आफूले तिर्नुपर्ने कर सम्बन्धी जानकारी र समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने विषयमा समुदायस्तरमा कर शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### (ङ)तथ्याङ्क सङ्कलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापना

गाउँपालिकामा सम्पत्ति कर, भूमि कर, व्यवसाय कर तथा अन्य कर र गैरकर बुझाउनेको सङ्ख्या के कति छ भन्ने तथ्याङ्क उपलब्ध छैन । यसर्थ सबै किसिमका करदाताको विवरण सङ्कलन गरी नियमित अद्यावधीकरणको व्यवस्था गर्नुपर्ने देखिन्छ । यसले करको दर, दायरा तथा समग्र राजस्वको सम्भावित आकार अनुमान गर्न सहयोग पुऱ्याउँदछ । साथै, अद्यावधिक अभिलेख विना

राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन नसक्ने भएकाले तथ्याङ्क सङ्कलन तथा नियमित अद्यावधीकरणको पद्धति स्थापित गर्नु जरूरी देखिन्छ ।

### (च) समन्वय संयन्त्रको प्रभावकारिता वृद्धि

राजस्व परिचालनसम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व सङ्कलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्व परामर्श समितिको भूमिकालाई सक्रिय बनाउनु आवश्यक हुन्छ । राजस्व तथा कर सङ्कलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखा बिच निरन्तर समन्वय हुन जरूरी देखिन्छ । साथै राजस्व बाँडफाँड सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न आवश्यक देखिन्छ ।

### (छ) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

गाउँपालिकाले आयको सङ्कलन अवस्थाको नियमित अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कदम चाल्नु पर्दछ । आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निरन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडिया मार्फत् राजस्व र खर्चको विवरणबारे जनता एवम् सरोकारवालालाई जानकारी गराउनुले पनि जवाफदेहिता, पारदर्शिता तथा राजस्व चुहावट नियन्त्रणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

# परिच्छेद पाँचः राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा गाउँपालिकाको राजस्व परिचालनलाई आगामी वर्षदेखि प्रभावकारी बनाउनका लागि उपयुक्त कार्ययोजनाहरू प्रस्तुत गरिएको छ । परामर्शदाताद्वारा सङ्कलित सूचनाहरू तथा तथ्याङ्कहरूको विश्लेषणबाट प्राप्त नतिजाहरू र गाउँपालिकासँग सम्बद्ध सरोकारवाला पक्षहरूसँग गरिएको छलफल तथा अन्तर्क्रियालाई समेत समावेश गरी कार्ययोजनाको मस्यौदा तयार गरिएको हो । राजस्व सुधारका कार्ययोजना तलका तालिकाहरूमा विस्तृतमा उल्लेखित गरिएको छ ।

## ५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका सन्दर्भमा सर्वप्रथम प्रारम्भिक कार्यशाला सञ्चालन गरिएको थियो । गाउँपालिकाको आयोजना र परामर्शदाताको सहजीकरणमा सम्पन्न उक्त कार्यशालामा गाउँपालिका पदाधिकारी, गाउँपालिका तथा वडाका कर्मचारीहरू, प्रमुख राजनीतिक दलका प्रतिनिधिहरू लगायतका व्यक्तिहरूको सहभागिता रहेको थियो । यस कार्ययोजनाका क्रियाकलापहरूलाई ३ वटा उपशीर्षकमा विभाजन गरिएको छ ।

(क) कर राजस्व सुधार योजना

(ख) गैरकर राजस्व सुधार योजना

(ग) राजस्व प्रशासन सुधार योजना

### (क) कर राजस्व सुधारका योजनाहरू

कर राजस्व सुधार योजना अन्तर्गत स्थानीय तह सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेबमोजिम करका दर र दायरा वृद्धि गर्न गाउँपालिका पदाधिकारीहरूसँग छलफल गरी निम्नानुसार गर्ने गरी प्रस्ताव गरिएको छ ।

तालिका ११: कर राजस्व सुधार कार्ययोजना

| क्र.स | सुधारका लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **भूमिकर तथा मालपोत** | | |
| | १. जग्गाको मूल्याङ्कनको दर निर्धारण गरी मालपोतको दर परिमार्जन गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. घुम्ती सेवा सञ्चालन गरी समयमा मालपोत तिर्न उत्साहित गर्ने । | २०७९ पौषदेखि अर्धवार्षिक रूपमा नियमित | राजस्व शाखा, वडा कार्यालय |
| २ | **सम्पत्ति कर** | | |
| | १. आर्थिक ऐनमा सम्पत्ति कर लगाउने स्पष्ट व्यवस्था गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | सम्पत्ति कर व्यवस्थापन कार्यविधिलाई अद्यावधिक गर्ने । | २०७९ पौषसम्म | राजस्व परामर्श समिति |
| | वडामा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | २०७९ मंसिरदेखि नियमित | राजस्व शाखा, वडा कार्यालय |
| | सम्बन्धीत कर्मचारी तथा पदाधिकारीका लागि तालिमको व्यवस्था गर्ने । | २०७९ चैत्र मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत |

| क्र.स | सुधारका लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| ३ | **घर जग्गा बहाल कर** | | |
| | प्रगतिशील करको दर अवलम्बन गर्ने | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | बहालमा भएका घर तथा जग्गाहरूको लगत सङ्कलन गर्ने । | २०७९ पौषसम्म | राजस्व शाखा, वडा कार्यालय |
| | बहालमा लगाएका घरधनीहरूलाई जानकारी गराई करको दायरमा ल्याउने । | २०७९ भाद्रदेखि निरन्तर | राजस्व शाखा, राजस्व परामर्श समिति, वडा कार्यालय |
| ४. | **व्यवसाय कर** | | |
| | व्यवसाय कर व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गरी लागु गर्ने । | २०७९ माघसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | व्यवसाय कर सम्बन्धमा दण्ड सजाय तथा पुरस्कारको व्यवस्था गर्ने । | २०७९ माघसम्म | राजस्व परामर्श समिति |
| | दर्ता भएका व्यवसायहरूको लगत अद्यावधिक गर्ने तथा दर्तामा नआएकालाई दर्ता गर्न प्रोत्साहन गर्ने । | नियमित | राजस्व शाखा, वडा कार्यालयहरू |
| | व्यवसाय दर्ता तथा कर सङ्कलनका लागि मुख्य बजारक्षेत्रहरूमा घुम्ती सेवा तथा अभियान सञ्चालन गर्ने । | २०७९ पौषदेखि अर्धवार्षिक रूपमा | राजस्व शाखा, वडा कार्यालयहरू |
| ५. | **जडीवुटी, कबाडी र जीवजन्तु कर** | | |
| | १. जडीवुटी तथा कबाडी सङ्कलनको सम्भाव्य क्षेत्र पहिचान गरी बिक्री हुने परिमाण यकिन गर्ने । | २०७९ आषाढ मसान्त | राजस्व शाखा, राजस्व परामर्श समिति |
| | २. जडीवुटी र कबाडी करको दर निर्धारण गरी सोअनुसार ठेक्का बन्दोवस्त गर्ने । | २०७९ आषाढ मसान्त | गाउँसभा, कार्यपालिका |

## ख. गैरकर राजस्व सुधार योजना

गैरकर राजस्व सुधार योजना अन्तर्गत स्थानीय तह सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेबमोजिम करका दर र दायरा वृद्धि गर्न गाउँपालिका पदाधिकारीहरूसँग छलफल गरी निम्नानुसारको गैरकर राजस्व सुधार योजना प्रस्ताव गरिएको छ ।

तालिका १२: गैरकर राजस्व सुधार कार्ययोजना

| क्र.स | सुधारका लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | कानुनी तथा नीतिगत व्यवस्था | | |
| | १. आर्थिक ऐन पुनरावलोकन गरी परिमार्जन गर्ने ।<br>हालको राजस्व अधिकारका सम्भाव्य शीर्षकहरू अनुसार शीर्षक हेरफेर गर्ने ।<br>व्यावहारिक नदेखिएका, लागु नहुने तथा सङ्घीय कानुनसँग बाझिने प्रावधानहरूलाई हटाउने ।<br>राजस्व असुलीको व्यवस्थासँगै दण्ड, सजाय तथा पुरस्कारको व्यवस्था पनि उल्लेख गर्ने ।<br>जग्गाको मूल्याङ्कनको दर निर्धारण गरी मालपोतको दर परिमार्जन गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. राजस्व नीति सामर्थ्यमा आधारित तथा कर लाभ सिद्धान्तमा आधारित बनाउने | २०७९ कार्तिक मसान्त | गाउँपालिका |
| २ | साङ्गठनिक व्यवस्था (शाखा, जनशक्ति, पूर्वाधार र सूचना व्यवस्था) | | |
| | १. राजस्व शाखाका लागि थप कर्मचारी, सफ्टवेयर तथा भौतिक सुविधाको व्यवस्था गर्ने । | २०७९ चैत मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | २. राजस्व सफ्टवेयर सम्बन्धी तालिमको व्यवस्था गर्ने । | २०७९ चैत्रसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | ३. विभिन्न स्रोतका आन्तरिक आयलाई सम्बन्धित शीर्षक अन्तर्गत आम्दानी बाँध्ने । | २०७९ असार मसान्त | प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा |
| ३ | करदाता लक्षित कार्यक्रम तथा पारदर्शिता | | |
| | १. विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक सूचनाहरू प्रचार प्रसार गर्ने । | २०७९ मंसिरदेखि निरन्तर | राजस्व परामर्श समिति र वडा कार्यालय |
| | २. चौमासिक रूपमा खर्चसँगै आन्तरिक आय सङ्कलनको विवरण सार्वजनिक गर्ने । | चौमासिक | आर्थिक प्रशासन शाखा, प्रमुख प्रशासकीय अधिकृत |
| ४ | राजस्व सुधार कार्ययोजना कार्यान्वयन | | |
| | १. यस कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरू कार्यान्वयनको सुनिश्चितता गर्ने । | २०७९ साउन देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत |
| | २. कार्ययोजना कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट व्यवस्था गर्ने । | २०७९ माघ मसान्त | कार्यपालिका, गाउँ सभा |

### (ग) राजस्व प्रशासन सुधार योजना

समग्र राजस्व परिचालनलाई प्रभावकारी बनाउन के गर्न सकिन्छ भनी सहभागितामूलक रूपमा छलफल गरी प्राप्त भएका बुँदाहरूका आधारमा राजस्व प्रशासन सुधार योजना प्रस्ताव गरिएको छ ।

तालिका १३: गैरकर राजस्व सुधार योजना

| क्र.स | सुधारका लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | राजस्व शाखाका लागि थप कर्मचारी दरबन्दी सिर्जना तथा पदपूर्ति गर्ने । | २०७९असार मसान्त | गाउँसभा तथा गाउँपालिका |
| २ | राजस्वसम्बन्धी सफ्टवेयर खरिद तथा सञ्चालन गर्ने । | २०७९ कार्तिक मसान्त | गाउँपालिकाको कार्यालय |
| ३ | राजस्वसम्बन्धी हेल्पडेस्क स्थापना गर्ने । | २०७९असार मसान्त | राजस्व शाखा |
| ४ | व्यवसायीहरूलाई कर, शुल्क, दस्तुर जरिवाना सम्बन्धमा अभिमुखीकरण गर्ने र नियमित कर बुझाउने करदातालाई पुरस्कृत गर्ने । | २०७९ असार पहिलो हप्ता | राजस्व शाखा |
| ५ | गाउँपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरूलाई राजस्व प्रशासन सम्बन्धमा अभिमुखीकरण गर्ने । | २०७९असार मसान्त | राजस्व शाखा |
| ६ | राजस्वको दर, बुझाउने समय, जरिवाना, पुरस्कार आदिको बारेमा गाउँपालिकाभित्र पर्चा, पम्प्लेट, माइकिङ, एफएम रेडियोको माध्यमद्वारा प्रचार प्रसार गर्ने । | २०७९ असार मसान्त | गाउँपालिका, वडा कार्यालयहरू |
| ७ | राजस्व सङ्कलन सम्बन्धी ठेक्कापट्टा (गिट्टी, बालुवा, विज्ञापन कर आदि) टेण्डर आह्वान गर्ने । | २०७९ असोज मसान्त | राजस्व शाखा |
| ८ | गाउँपालिकाको स्वामित्वमा रहेका सम्पत्तिहरू घर,जग्गा, सार्वजनिक भवन/जमिन र अन्य संरचनाको अभिलेख व्यवस्थापन गर्ने । | नियमित | राजस्व शाखा |

# परिच्छेद छः आगामी तीन वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा गाउँपालिकाको आगामी तीन वर्षसम्मका लागि गाउँपालिकाको राजस्व प्रक्षेपण गरिएको छ। गाउँपालिकाको राजस्व अधिकार, हालको आय सङ्कलन अवस्था तथा राजस्व सुधार कार्ययोजना समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। उक्त प्रक्षेपण गर्दा महालेखा परीक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा गरिएको छ । यस प्रक्षेपणले गाउँपालिकाको बजेट तर्जुमा गर्न उल्लेखनिय सहयोग पुग्नेछ।

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन वर्ष (आ.व. २०७९/८० देखि २०८१/८२) को लागि आय प्रक्षेपण गरिएको छ। यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ। धेरैजसो शीर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्याङ्कमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ। त्यसैगरी केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय सङ्कलनको वृद्धिदरलाई आधार मानिएको छ।

तालिका १४: आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपण

| राजस्व सङ्केत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.को लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| **क** | आन्तरिक आय तर्फ | | |
| ११३१३ | सम्पत्ति कर | ५२६८०० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३१४ | भूमिकर (मालपोत) | १९१३४५ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३२१ | घर बहाल कर | ७९९२०० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३२२ | बहाल बिटौरी शुल्क | २०००० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३५१ | व्यवसाय कर | ३५६००० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११४५१ | सवारी साधन कर (साना सवारी) | | आ.व. २०७९/८० मा ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११४७२ | विज्ञापन कर | २५००० | आ.व. २०७९/८० मा कूल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |

| राजस्व सङ्केत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.को लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२९१ | पर्यटन शुल्क | ४००००० | आ.व. २०७९/८० मा कूल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ३३०५६९७ | अनुमान नगरिएको |
| ११६३२ | जडीवुटी तथा कबाडी कर र सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने आय | १५०००० | आ.व. २०७९/८० मा कूल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | २५०००० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री (ढुंगा, गिट्टी, बालुवा बिक्री तथा माछा बिक्री ) | २५०००० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२४१ | पार्किङ्ग शुल्क | २२५००० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२४२ | नक्सापास दस्तुर | ३००००० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
